# भजनी नगरपालिका लेखा समिति

लेखा समिति संयोजक श्री राजेन्द्र प्रसाद खनालज्यूले २० औ भजनी नगरसभा अधिवेशन बैठकमा पेश गर्नुभएको

# भजनी नगरपालिका लेखा समितिको पहिलो प्रतिवेदन २०८३

**भजनी नगरपालिका**

**भजनी, कैलाली**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

मिति २०८३ असार ०८ गते

CS CamScanner

# मन्तव्य

सभाध्यक्षज्यू,

नेपालको संविधानको धारा २२७ र सुदुरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ७० को उपदफा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान बमोजिम भजनी नगरपालिकाको १९ औ नगरसभा अधिवेशनको बैठकबाट यस भजनी नगरपालिका लेखा समिति गठन भएको हो । यस समितिको पहिलो प्रतिवेदन २०८३ यस २० औ भजनी नगरसभाको आजको अधिवेशन बैठकमा प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छू । मलाई यो जिम्मेवारी प्रदान गर्नु भएकोमा सभाध्यक्षज्यू, सबै सभा सदस्यज्यूहरु तथा लेखा समिति सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छू ।

**सभाध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु,**

भजनी नगरपालिका लेखा समितिको कार्यक्षेत्र "भजंनी नगरपालिका लेखा समिति (गठन तथा सञ्चालन) नियमावली २०८२" को परिच्छेद ३ को नियम ४ बमोजिम एकदमै वृहत रहेको सम्मानित सभालाई सर्वविदितै छ । सो मध्ये श्री महालेखापरीक्षकको कार्यालयले यस कार्यालयका लागि जारी गरिएका लेखापरीक्षण प्रतिवेदनमा ठहरिएका बेरुजु फर्छयौटका लागि निर्णय गरि नगरसभामा प्रतिवेदन पेश गर्ने एवं नगरपालिका कार्यालयका गतिविधिहरुमा आर्थिक अनुशासन कायम हुन, कार्यालयको स्रोतहरुको मितव्ययी र प्रभावकारी परिचालन हुन, आय वितरण, सम्पत्ति र खर्चको स्थिति तथा नगरपालिकाको कामकारवाहीको निगरानी र मूल्याङ्कन गरि आवश्यक निर्देशनहरु दिने लगायतका गहन कार्यक्षेत्रहरु यस समितिमा निहीत छन ।

सोहि अनुरुप श्री महालेखापरीक्षकको कार्यालयले यस कार्यालयका लागि जारी गरिएको विगत आ.व. २०७४/०७५, आ.व. २०७५/०७६, आ.व. २०७६/०७७, आ.व. २०७७/०७८, आ.व. २०७८/०७९, आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ लेखापरीक्षण प्रतिवेदनहरुमा ठहरिएको अनियमित बेरुजु, प्रमाणपेश बेरुजु, पेश्की बेरुजु र असूल बेरुजु दफाहरुमा यस भजनी नगरपालिका लेखा समितिको ३६ वटा बैठकमा घनीभूत छलफल तथा निर्णयहरु गरि यस सम्मानित २० औ भजनी नगरसभामा बेरुजु फर्छयौटका लागि पेश गर्दछू ।

CS CamScanner

सभाध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु,

भजनी नगरपालिका स्थापना भएको लामो समयावधि पछि भर्खरै मात्र भजनी नगरपालिका लेखा समितिको गठन भएकाले विगत देखिका प्रत्येक आ.व.हरुबाट बेरुजु लगत थप हुदै गई हाल ४२ करोड बढी नगरपालिका कार्यालयको बेरुजु पुगिसकेको सन्दर्भमा सो बेरुजु न्यूनिकरण एवं फर्छौटका लागि यस लेखा समितिले छोटो समयमा गरेको निर्णय र सिफारिसहरु सहितको **खण्ड (क)** मा समितिका निर्णय तथा कार्यसम्पादनको साराशं खण्ड तथा **खण्ड (ख)** मा बेरुजु फर्छौटका लागि गरिएका निर्णयको विस्तृत खण्ड सहित **"भजनी नगरपालिका लेखा समितिको पहिलो प्रतिवेदन २०८३"** का प्रत्येक दफामा माथि छलफल गरि सो प्रतिवेदन स्वीकृतिका लागि सभाध्यक्षज्यूको अनुमतिले यस सम्मानित २० औ नगरसभा अधिवेशन बैठकमा पेश गर्दछू ।

धन्यवाद ।

..............................

श्री राजेन्द्र प्रसाद खनाल

लेखा समिति संयोजक

मिति २०८३ अषाढ ०८ गते

राजेन्द्र प्रसाद खनाल

लेखा समिति संयोजक

भजनी नगरपालिका लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२

# भजनी नगरपालिका लेखा समितिको पहिलो प्रतिवेदन २०८३

## (खण्ड-क)

## लेखा समितिको निर्णय तथा कार्यसम्पादनको साराशं

भजनी नगरपालिका लेखा समितिको पहिलो बैठकदेखि ३६ औ बैठकसम्ममा श्री महालेखापरीक्षकको कार्यालयबाट यस नगरपालिका कार्यालयका लागि जारी गरिएका विभिन्न आ.व.का लेखापरीक्षण प्रतिवेदनका बेरुजु दफाहरु तथा अन्य बिषयमा छलफल तथा निर्णय गरि तपसिलको तालिका बमोजिम अनियमित/प्रमाणपेश/पेश्की बेरुजु रकम फर्छौटका लागि पेश गरेको विवरणको साराशं यस प्रकार रहेको छ :-

**तपसिल**

| बैठक संख्या | मिति | निर्णयका विषय | रकम रु. | बेरुजुमा कारवाही |
|---|---|---|---|---|
| पहिलो | २०८२/१०/१३ | - छनौट तथा जिम्मेवारीका प्रदानका लागि धन्यवाद ज्ञापन सम्बन्धमा।<br>- नगरपालिकाको बेरुजु फछर्यौट तथा सम्परीक्षणका लागि नगरपालिकाको महालेखा परीक्षण प्रतिवेदनमा अध्ययन तथा आवश्यक कार्य गर्ने सम्बन्धमा।<br>- पडरिया पिपलचोक देखि हुलाकी रोड जाने सडक नाला निर्माण उपभोक्ता समितिको रकम रु ३०,१२,०६१।६८ को असूल **बेरुजु** सम्परीक्षणका लागि सिफारिस गर्ने सम्बन्धमा।<br>- नगरपालिकाको बेरुजु न्यूनिकरण तथा वित्तिय सुशासन कायम उद्धेश्यमा नगरपालिका कार्यालय शाखा प्रमुख तथा वडा सचिव/वडा अध्यक्षहरुसंग अन्तर्क्रिया गर्ने सम्बन्धमा।<br>- नगरपालिकाको सम्पत्ति संरक्षणको लागि विवरण संकलन गर्ने सम्बन्धमा।<br>- तालतलैया बेरुजुमा नियमावलीको उद्धेश्य अनुसार आवश्यक पहल गर्ने सम्बन्धमा।<br>- लेखा समितिको कार्यसञ्चालनार्थ लेखा समिति, समिति संयोजक र समिति सचिवको छाप निर्माण सम्बन्धमा। | ३०,१२,०६१।- | असूल बेरुजु फछर्यौट गर्नुपर्ने |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| दोस्रो | २०८२/[illegible] | - आ.व. २०७४/०७५ महालेखा परीक्षण प्रतिवेदनको दफा ४० को रु **२४,८५,८४८।– असूल उपर बेरुजु** सम्बन्धमा।<br>- वडा कार्यालयहरुले नगरपालिका कार्यालयलाई बुझाउनुपर्ने राजश्व सम्बन्धमा।<br>- लेखा समिति पदाधिकारीहरुको परिचयपत्र निर्माण सम्बन्धमा।<br>- आ.व. २०७७/०७८ लेखापरीक्षण प्रतिवेदनको दफा २४.३ को भजनी बजार देखि पेट्रोलपम्म देखि दक्षिणतल्ला होटल हुदै प्रहरी कार्यालय जोड्ने सडक नि.उ.स. को रु १८०००।– को रोयल्टी प्रमाण पेश बेरुजु सम्बन्धमा। | २४,८५,८४८।– | असूल बेरुजु फछ्र्यौट गर्नुपर्ने |
| तेस्रो | २०८२/१२/०१ | - दोश्रो बैठकका निर्णयहरु पत्राचार गर्ने सम्बन्धमा।<br>- कार्यालयका चालु आ.व.का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु यथासिघ्र कार्यान्वयन सम्बन्धमा। | - | |
| चौथो | २०८२/१२/०९ | - आ.व. २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन औल्याइएका **असूल उपर बेरुजु** दफामा सम्बन्धितहरुमा पत्राचार गर्ने सम्बन्धमा। | - | |
| पाँचौ | २०८२/१२/१० | - आ.व. २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन औल्याइएका **अनियमित बेरुजु** दफाहरुमा छलफल तथा निर्णय सम्बन्धमा। | - | |
| छैठौ | २०८२/१२/२२ | - आ.व. २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन औल्याइएका देहाय बमोजिमका **अनियमित बेरुजु** दफाहरुमा छलफल तथा निर्णय सम्बन्धमा। | - | |
| सातौ | २०८२/१२/२४ | - आ.व. २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन औल्याइएका देहाय बमोजिमका **अनियमित बेरुजु** दफाहरुमा छलफल तथा निर्णय सम्बन्धमा। | - | |
| आठौ | २०८२/१२/२५ | - आ.व. २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन औल्याइएका देहाय बमोजिमका असूल बेरुजु दफाहरुमा छलफल गरि सम्बन्धितहरुमा **पत्राचार गर्ने** सम्बन्धमा। | - | |
| नवौ | २०८२/१२/३० | - आ.व. २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन औल्याइएका देहाय बमोजिमका **असूल बेरुजु** दफाहरुमा छलफल गरि सम्बन्धितहरुमा **पत्राचार गर्ने** सम्बन्धमा। | - | |
| दशौ | २०८३/०१/०२ | - आ.व. २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन औल्याइएका देहाय बमोजिमका **अनियमित बेरुजु** दफाहरुमा छलफल तथा निर्णय सम्बन्धमा | - | |
| ११ औ | २०८३/०१/०३ | - आ.व. २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन औल्याइएका देहाय बमोजिमका **अनियमित बेरुजु** दफाहरुमा छलफल तथा निर्णय सम्बन्धमा | - | |

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १२औं | २०८३/०१/०४ | - बेरुजु फछ्र्यौट तथा लगत कट्टीको लेखा समितिको कार्यमा विषयविज्ञको आवश्यक सम्बन्धमा।<br>- तालठेक्का बक्यौता रकमको विषयमा छलफल गर्नको लागि सर्वदलीय/सर्वपक्षीय बैठक गरिने सम्बन्धमा। | - | |
| सर्व दलीय बैठक | २०८३/०१/०८ | - भजनी नगरपालिका भित्र रहेका तालतलैयाहरुमा नगरपालिकाले विगत वर्षहरुदेखि लगाएको ताल आयठेक्काको ठुलो परिमाणमा रहेको बक्यौता बेरुजु रकमको सन्दर्भमा यस नगरक्षेत्रमा क्रियाशिल राजनीतिक दल, नागरिक समाज, समाजसेवी अगुवाहरुको उपस्थितिमा आज गरिएको सर्वदलीय बैठकबाट उक्त तालतलैया बेरुजु/बक्यौता सहित पालिकाको सबै प्रकारको असूल बेरुजु रकम असुलीको लागि कानून बमोजिम हुने प्रक्रियामा आवश्यक पर्ने सहयोग गर्ने प्रतिवद्धता गरिएको। | - | ताल आय ठेक्काको बक्यौता बेरुजु बारे |
| १३ औं | २०८३/०१/१५ | - महुन्याल नमुना मा.वि. भजनीको विगत आ.व. देखिको अनियमित बेरुजुका प्रमाणकागजात पेश गर्ने सम्बन्धमा। | ४,८३,०९,९९८/- | प्रमाण कागजात माग गरिएको |
| १४ औं | २०८३/०१/२८ | - महुन्याल नमूना मा.वि.बाट **आ.व. २०८०/०८१** को लेखापरीक्षण प्रतिवेदनको **दफा ३१** को प्रमाणपेश बेरुजुका उपलब्ध प्रमाण कागजातहरुमा छलफल तथा बेरुजु फछ्र्यौटका लागि भजनी नगरसभा/महालेखापरीक्षकको कार्यालयमा पेश सम्बन्धमा। | ११,६३,५००/- | प्रमाणपेश बेरुजु |
| १५ औं | २०८३/०१/२९ | - महुन्याल नमूना मा.वि.बाट **आ.व. २०८०/०८१** को लेखापरीक्षण प्रतिवेदनको **दफा ४१** प्रमाणपेश बेरुजुका उपलब्ध प्रमाण कागजातहरुमा छलफल तथा बेरुजु फछ्र्यौट एवं सम्परीक्षणका लागि भजनी नगरसभा/महालेखापरीक्षकको कार्यालयमा पेश सम्बन्धमा। | ४५,००,०००/- | प्रमाणपेश बेरुजु |
| १६ औं | २०८३/०१/३० | - महुन्याल नमूना मा.वि.बाट **आ.व. २०७९/०८०** को लेखापरीक्षण प्रतिवेदनको **दफा ७०** प्रमाणपेश बेरुजुका उपलब्ध प्रमाण कागजातहरुमा छलफल तथा बेरुजु फछ्र्यौट एवं सम्परीक्षणका लागि भजनी नगरसभा/महालेखापरीक्षकको कार्यालयमा पेश सम्बन्धमा। | ३०,००,०००/- | प्रमाणपेश बेरुजु |
| १७ औं | २०८३/०१/३१ | - महुन्याल नमूना मा.वि.बाट **आ.व. २०७७/०७८** को लेखापरीक्षण प्रतिवेदनको **दफा ६८.३** रकम रु ५०,००,०००/– को प्रमाणपेश बेरुजुका उपलब्ध प्रमाण कागजात र प्रगति प्रतिवेदनहरुमा छलफल तथा बेरुजु फछ्र्यौट एवं सम्परीक्षणका | ५०,००,०००/- | प्रमाणपेश बेरुजु |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | लागि भजनी नगरसभा/महालेखापरीक्षकको कार्यालयमा पेश सम्बन्धमा ।<br>- महुन्याल नमूना मा.वि.बाट आ.व. २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदनको **दफा ८४** को विद्यालय भौतिक पुर्वाधार निर्माण तथा थप सुविधामा प्रदान गरेको अनुदान रकम रु १,८७,६०,०००।– का लागि विद्यालयबाट उपलब्ध प्रमाण कागजात अपुग भएको बारे । | | |
| १८ औं | २०८३/०२/०१ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०८०/०८१** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ६.१९, ६.४४, २२, २९ र ३०.१** को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ३८,२३,६४१।- | अनियमित बेरुजु |
| १९ औं | २०८३/०२/०४ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०८०/०८१** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ३०.१** को विभिन्न क्र.सं.को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ५,८६,५६३।- | अनियमित बेरुजु |
| २० औं | २०८३/०२/०५ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०८०/०८१** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ३०.१** को विभिन्न क्र.सं.को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ३१,११,१८७।- | अनियमित बेरुजु |
| २१ औं | २०८३/०२/०७ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०८०/०८१** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ३३, ४७, ५९ र ६५** को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | २९,१५,३६३।- | अनियमित बेरुजु |
| २२ औं | २०८३/०२/१८ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७९/०८०** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ३०, ५६, ९५ र १०२.३ क/ख/ग/घ/ङ र ११४** को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ९४,९६,८१६।– | अनियमित बेरुजु |
| २३ औं | २०८३/०२/१९ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७९/०८०** को आन्तरिक लेखापरीक्षण तर्फ **दफा १०२.४ (ञ)** को रु १६,२४७।- असूल बेरुजु सम्बन्धमा ।<br>- भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७८/०७९** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा १४.३, १४.७, १५.६, १६, १७.५ र १९.१** को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ३५,८८,४६३।- | अनियमित बेरुजु |
| २४ औं | २०८३/०२/२० | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७८/०७९** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा २०.१, २०.४,** | ६०,४५,६३८।– | अनियमित बेरुजु |

| | | | | |
|---|---|---|---|---|
| | | २०.११, २०.२०, २०.२१ र २०.२२ को अनियमित बेरुजु फछौंटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | | |
| २५ औ | २०८३/०२/२१ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७८/०७९** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा २१.१, २२.१, २३.८, २४.३, २८.३, २८.८, ३१.२.१ र ३१.२.२** को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | १,३८,२३,७६४।– | **अनियमित बेरुजु** |
| २६ औ | २०८३/०२/२२ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७९/०८०** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ३१.२.३ देखि ३१.२.१४** सम्मको अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ८,०४,२८३।– | **अनियमित बेरुजु** |
| २७ औ | २०८३/०२/२५ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७९/०८०** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ३१.२.१५ देखि ३१.२.२७ सम्म र दफा ३६** को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ३९,७३,८४३।- | **अनियमित बेरुजु** |
| २८ औ | २०८३/०२/२६ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७७/०७८** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा १६, २१.५, २२.३, २५.५, ३१.२, ३३, ३५, ३६, ३८, ४२, र ४६** को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ६०,७४,३४७।- | **अनियमित बेरुजु** |
| २९ औ | २०८३/०२/२७ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७७/०७८** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ४७, ५९.१, ६१.२, ६१.३, ६२, ६३, ६५, ६८.२, ७१.४ र ७५** को अनियमित बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ३९,३०,११२।- | **अनियमित बेरुजु** |
| ३० औ | २०८३/०२/२८ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७६/०७७** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा १४, २२, ६२, ६६, ६९, र ८१** को अनियमिति बेरुजु फर्छौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | ९९,२९,८१८।- | **अनियमित बेरुजु** |
| ३१ औ | २०८३/०२/२९ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७७/०७८** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा १२** को पेश्की बाँकीको क्र.सं . ७ को भजनी नगरपालिकाको शैक्षक योजना निर्माण शिर्षकको शिक्षा अधिकृत श्री देवराज अवस्थीको रु ३,५०,०००।- पेश्की बेरुजु सम्परीक्षण सम्बन्धमा ।<br>- भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०८०/०८१** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ३.५, ६.३९, १२,** | १,३०,४४,०५०।- | **प्रमाणपेश बेरुजुका कागजात माग गरिएको** |

| | | | | |
|---|---|---|---|---|
| | | १५, १९, २३, ३१, ३९, ४०, ५०, ६०, र ६१ को प्रमाणपेश बेरुजुका प्रमाणकागजात माग गरिएको सम्बन्धमा। | | |
| ३२ औ | २०८३/०३/०१ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७७/०७८** को महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा २४.३** को भजनी बजार पेट्रोलपम्प देखि दक्षिणतल्ला होटल हुदै प्रहरी कार्यालय जोड्ने सडक नि.उ.स. को रु १८०००।– को ग्राभेल ल्याए वापतको रोयल्टी सम्बन्धी असूल बेरुजु सम्परीक्षण सम्बन्धमा।<br>- भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७५/०७६** महालेखा लेखापरीक्षण प्रतिवेदनको **दफा ७३, आ.व. २०७६/०७७ को दफा ८४ र आ.व. २०७८/०७९ को दफा २१.१** को महुन्याल नमूना मा.वि.लाई कार्यालयबाट नमूना विद्यालयको भौतिक पुर्वाधार निर्माण/विद्यालय भवन निर्माणका प्रदान गरिएको अनुदानको प्रमाणपेश/अनियमित/पेश्की रकम रु **३,७०,००,०००।–** बेरुजु सम्बन्धमा।<br>- विद्यालयले नमूना विद्यालय बिकास गुरुयोजना अनुसार जम्मा रकम रु २,३९,००,०००।– को ठेक्का गरि रकम रु १,९५,६७,७७४।– सम्बन्धित ठेकेदारलाई भुक्तानी गरिएको प्राविधिक बिल, भौचर, सम्झौतापत्र, कार्यसम्पन्न पत्र, नापी किताब, प्राविधिक लागत अनुमान कागजात, फोटो आदि कागजातहरु उपलब्ध गराएकोमा भौचरहरु पेश गरिएको छ। सो पश्चात बाँकी बचेको रकम **रु १,७४,३२,२२५।–** विद्यालयको खातामा मौज्दात रहेको व्यहोरा जानकारी गरिएको छ। यसरी मौज्दात रकमको विषयमा के गरिनुपर्ने हो, सो सम्बन्धमा नियमानुसार हुनका लागि आवश्यक निर्णय गरिदिनहुन यस नगरसभामा अनुरोध गर्दछु। | १,९५,६७,७७४।– | अनियमित /पेश्की बेरुजु |
| ३३ औ | २०८३/०३/०२ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७५/०७६** को म.ले.प. प्रतिवेदनको **दफा २८, २९, ४२, ४८, ५६, ५७ र ६७** का अनियमित बेरुजु फछौंटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा। | ५७,८९,०४६।- | अनियमित बेरुजु |
| ३४ औ | २०८३/०३/०३ | - भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७५/०७६** को म.ले.प. प्रतिवेदनको **दफा ७५, ८३, ८४, ८५, ८८, ८९ र ९०** का अनियमित बेरुजु फछौंटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा। | १७,१७,०९९।- | अनियमित बेरुजु |

| | | | | |
|---|---|---|---|---|
| ३५ औं | २०८३/०३/०४ | - भजनी नगरपालिका कार्यालयको लागि आ.व. २०७४/०७५ को म.ले.प. प्रतिवेदनको **दफा २०, २४, २७, २८, २९, ३१, ३२, ३३, ४०.२, ४०.३, र ४०.५,** का अनियमित बेरुजु फछ्र्यौटका लागि अबको भजनी नगरसभामा पेश सम्बन्धमा । | १,६६,२१,१४६।- | अनियमित बेरुजु |
| ३६ औं | २०८३/०३/०६ | - भजनी नगरपालिका कार्यालयको लागि विभिन्न आ.व. का मलेप प्रतिवेदनका रकम रु **१४,७२,३६,३९७।**-प्रमाणपेश बेरुजु सम्बन्धमा ।<br>- भजनी नगरपालिका कार्यालयको २० औ नगरसभाको मिति २०८३/०३/०८ गते संचालन हुने नगसभामा **"भजनी नगरपालिका लेखासमिति तथा बेरुजु फर्छयौट प्रतिवेदन २०८३"** पेश गर्ने सम्बन्धमा ।<br>- भजनी नगरपालिका कार्यालयको आ.व. २०७६/०७७ को बेरुजु दफा ६६ को अध्ययन बिदाको रु ३,००,०००।- प्रमाणपेश बेरुजु सम्बन्धमा ।<br>- भजनी नगरपालिका कार्यालयको आ.व. २०७५/०७६ को बेरुजु दफा ६४ को अध्ययन बिदाको लागि पेश्की रकमको रु ३,००,०००।-अनियमित बेरुजु सम्बन्धमा । | ६,००,०००।- | अनियमित बेरुजु |
| | | **जम्मा** | **१४,४६,०४,३६२ ।-** | |

**(रु चौध करोड छयालिस लाख चार हजार तिन सय बैसठ्ठी मात्र)**

यसरी मिति २०८२ पौष २९ गते गठन भएको यस लेखा समितिले पाँच महिनाको अविधिमा **३६ वटा** लेखा समिति बैठकमा बसी बेरुजु न्यूनीकरण, बेरुजु फछ्र्यौट, आन्तरिक नियन्त्रण प्रणालीको सबलीकरण तथा सुशासन प्रर्वद्धनमा सहयोग हुनेगरी उल्लेखित विषयहरुमा घनीभूत छलफल गरि तपसिल बमोजिम रकमको बेरुजु फछ्र्यौट हुनका लागि यस सम्मानित २० औ भजनी नगरसभा अधिवेशन बैठकमा संलग्न **पाना ११ देखि ६८ सम्म, बुदा क्र.सं. २५** मा **बेरुजु फछ्र्यौटका लागि गरिएका निर्णय र सिफारिसको विस्तृत खण्ड (ख)** पेश गरेको छु ।

१. सभाबाट नियमित गरि फर्छौट हुनका लागि पेश भएको **अनियमित बेरुजु रकम रु ११,२३,९८,९०३।-** (अक्षेरुपी एघार करोड तेइस लाख अन्ठानब्बे हजार नौ सय तिन मात्र)

२. प्रमाण कागजात पेश भई सभाबाट फर्छौट हुनका लागि पेश भएको **प्रमाणपेश बेरुजु रकम रु** २,६७,०७,५५०।- (अक्षेरुपी दुई करोड सतसठ्ठी लाख सात हजार पाँच सय पचास मात्र)

३. विगत सबै आ.व. को असूल बेरुजु रकम दाखिला हुन लेखा समिति गठन पश्चात पत्राचार गरिएको तथा सो कार्यबाट माघ महिनादेखि हालसम्म कार्यालयको बेरुजु शिर्षकमा असूल दाखिला भएको रकम रु ९,२०,४४५।- (अक्षेरुपी नौ लाख बीस हजार चार सय पैचालिस मात्र)

४. आगामी दिनमा प्रमाण कागजात र पुष्ट्याई अभिलेख जुटाई फर्छौट हुनुपर्ने प्रमाणपेश बेरुजु रकम रु १४,७२,३६,३९७।- (अक्षेरुपी चौध करोड बहत्तर लाख छत्तीस हजार तिन सय सन्तानब्बे मात्र)

यस लेखा समितिको निर्णयहरु, छलफल, अन्तरक्रिया बैठक तथा कार्यसम्पादनको सन्दर्भमा रायसुझाव तथा मार्गदर्शन दिनुहुने श्रद्धेय नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू एवं प्रमूख प्रशासकिय अधिकृतज्यू प्रति आभार व्यक्त गर्दछौ। यस्तै लेखा समितिको कार्यसम्पादन तथा **"भजनी नगरपालिका लेखा समितिको पहिलो प्रतिवेदन २०८३"** निर्माणको सन्दर्भमा रायसुझाव प्रदान गर्नुहुने कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, कार्यालयका शाखा प्रमुख कर्मचारीज्यूहरु एवं कमिटेड नेपालको परामर्श सहयोगको लागि उक्त संस्था प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौ।

धन्यवाद।

**भजनी नगरपालिका लेखा समिति पदाधिकारी**

संयोजक श्री राजेन्द्र प्रसाद खनाल

पदमा सदस्य श्री पदमा बि.क.

सदस्य श्री टिकाराम डगौरा

सचिव श्री दिनेश रावल

मिति २०८३ साल असाढ ०८ गते

# भजनी नगरपालिका लेखा समिति पहिलो प्रतिवेदन २०८३

## खण्ड (ख)

## बेरुजु फछ्र्यौटका लागि गरिएका निर्णय र सिफारिसको विस्तृत खण्ड

भजनी नगरपालिका लेखा समितिको पहिलो बैठकदेखि ३६ औ बैठकसम्म देहायका लेखापरीक्षण प्रतिवेदनका बेरुजु दफाहरु तथा अन्य बिषयमा छलफल तथा निर्णय गरि देहाय बमोजिमको अनियमित/पेश्की/प्रमाणपेश बेरुजु रकम फछ्र्यौटका लागि पेश गरेको विस्तृत विवरण तपसिलको **बुदागत क्र.सं. २५** मा यस २० औ भजनी नगरसभाको अधिवेशन बैठकमा पेश गरेका छौ :-

**तपसिल**

१. **लेखा समिति बैठक संख्या - पहिलो** मितिः- २०८२/१०/१३ निर्णय नं – ३ आ.व. २०७५/०७६ बेरुजु दफा नं- ४६

**निर्णय नं ३:** यस कार्यालयको आ.व. २०७५/०७६ को म.ले.प. प्रतिवेदनको **दफा नं ४६** बमोजिम पडरिया पिपलचोक हुलाकी सडक जोड्ने सडकको नाला निर्माण उपभोक्ता समितिसंग दुवै तर्फ गरि ७५० मिटर बढी नाला निर्माणको सम्झौता भएबमोजिम रकम रु ८४,६३,२५०।– भुक्तानी भएकोमा दोश्रो नापी किताबमा stone masonary 1:4 को ३६० घन मि. को प्राविधिक त्रुटिबस एक तर्फको नाला मात्रको नापी उठेकोले मलेप प्रतिवेदनमा रकम रु ३०,१२,०६१।६८ असूल हुनुपर्ने भनि औल्याइएको व्यहोरामा सो कार्य यथार्थमा दुवैतर्फ गरि करिब ८७० मिटर बढी लामो नाला तथा ८४० घन मि.को कार्यसम्पन्न हुनगएको हालैको प्राविधिक नापजाँच प्रतिवेदन तथा फिल्ड अनुगमनबाट स्पष्ट पुष्टि हुने भएकोले आ.व. २०७५/०७६ मलेप प्रतिवेदनको दफा नं ४६ बमोजिमको असूल बेरुजुलाई फछ्र्यौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो।

२. **लेखा समिति बैठक संख्या - दोस्रो** मितिः- २०८२/१२/१२ आ.व. २०७५/०७६ बेरुजु दफा नं- ४०

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२



CamScanner

CamScanner

**निर्णय नं १:** **आ.व. २०७५/०७६** को यस कार्यालयको म.ले.प. प्रतिवेदनको दफा नं ४० मा *राजकुमार थापाको घरदेखि दुरसञ्चारसम्मको सडक ७५० मिटर नाला निर्माण उपभोक्ता समितिले* गरेको कार्यमा मिति २०७५/०३/१४ गते खर्च लेखिएको पहिलो प्राविधिक रनिङ्ग बिलबाट stone masonry २९७ घ.मि. वापत रकम रु २४,८५,८४८।– भुक्तानी भएकोमा फेरि मिति २०७५/०९/२४ गते उठाइएको अन्तिम प्राविधिक रनिङ्ग बिलबाट पहिलेको २९७ घ.मि. कार्य सहित गरि ६७९.९२ घ.मि. कार्यको कुल रकम रु ५६९०८३२.४० भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको रकम रु २४८५८४८।– असूल गरिनुपर्ने भनि असूल बेरुजु औल्याइएको छ । तर पहिलो प्राविधिक रनिङ्ग बिलको आधारमा मिति २०७५/०३/१४ गतेको गो.भौ.नं ३८३ बाट रकम रु ३१,८४,३३३।०० भुक्तानी भएको एवं मिति २०७५/१०/१० गतेको गो.भौ.नं ९० बाट अन्तिम प्राविधिक बिल बमोजिम रकम रु ४७,०२,६६७।– सहित जम्मा रकम रु ७८,८७,०००।–मात्र निज नि.उ.स.लाई भुक्तानी गरिएको स्पष्ट प्रमाण रहेको छ ।

नगरपालिकाले कार्यालयबाट रु ७६,५०,३९०।– र उ.स.बाट रु ९,०२,१४१।- लागत व्यहोर्ने गरी जम्मा रकम रु ८५,५२,५३१।१४- को प्राविधिक लागत अनुमानमा नाला निर्माणको लागि *प्रयत्न मल्ल-अध्यक्ष, निरज डगौरा-सचिव र संगिता चौधरी-कोषाध्यक्ष रहेका* उक्त *राजकुमार थापाको घरदेखि दुरसंचार जोड्ने सडकको नाली नि.उ.स.*संग मिति २०७४/१२/१९ गते सम्झौता गरिएको छ । पहिलो र अन्तिम दुवै लेखा गो.भौ.बाट कुल रकम रु ७८,८७,०००।– भुक्तानी भएकोमा अन्तिम प्राविधिक बिलमा समेत लेखिएको कन्टिन्जेन्सी रकम रु २,३६,६१०।– पनि भुक्तानी हुन गएको देखिन्छ । तसर्थ स्पष्ट रुपमा बढी भुक्तानी हुनगएको रु २,३६,६१०।– मात्र कन्टिन्जेसी रकम निज नि.उ.स.बाट असूल गराई उक्त असूल बेरुजु दाखिला गरेको प्रमाण कागजात संलग्नताका साथ यस मलेप दफा ४० बमोजिमको उक्त रु २४,८५,८४८।– **असूल उपर बेरुजु** रकम फर्छौटका लागि भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

३. **लेखा समिति बैठक संख्या - १४ औ** मिति:- २०८३/०१/२८ आ.व. २०८०/०८१ बेरुजु दफा नं- ३१

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०८०/०८१** को लेखापरीक्षण प्रतिवेदनको दफा ३१ बमोजिम बिल भरपाई पेश नभएको भनि श्री महुन्याल नमूनां मा.वि.को देहाय बमोजिम व्यहोरा र रकमको प्रमाणपेश बेरुजुमा यस लेखासमितिबाट विध्यालयमा माग गरिएबमोजिम तपसिलका प्रमाण कागजात प्राप्त भएको हुदाँ सो **प्रमाणपेश बेरुजु** फर्छौटका लागि भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

| क्र.सं. | व्यहोरा | बेरुजु रकम | प्राप्त प्रमाण कागजात |
|---|---|---|---|
| ४ | छात्रवृति अनुदान | ७०,०००।- | -मिति २०८०/०६/२५ गतेको महिला छात्रावासमा छात्रवृति रकम बुझाएको भरपाई |
| ६ | फिडर छात्रावास संचालन व्यवस्थापनको लागी अनुदान | २,५०,०००।- | -छात्रावासमा विजुली पानी र मर्मत खर्च बिल<br>-छात्रावास वार्डन, भान्से र शिक्षकको पारिश्रमिक खातामा पठाएको भौचरहरु |
| ८ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालन अनुदान | ७,००,०००।- | -वि.व्य.स.को खरिद, मूल्याङ्कन, सामाजिक परीक्षण आदिका निर्णयहरु<br>-विध्यालयको कोटेशन आव्हान , जिन्सी दाखिला , सामाग्रीको फोटोहरु<br>-खरिद जिन्सी सामाग्रीको भ्याट बिल |
| ९ | फिडर छात्रावास संचालन व्यवस्थापनको लागी अनुदान | १,४३,५००।- | मिति २०८१/०३/०४ गतेको महिला छात्रावासबाट विध्यार्थी छात्रवृति रकम बुझाएको भरपाई |
| | जम्मा रकम | ११,६३,५००।- | |

४. **लेखा समिति बैठक संख्या - १५ औ** मिति:- २०८३/०१/२९ आ.व. २०८०/०८१ बेरुजु दफा नं- ४१

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०८०/०८१** को लेखापरीक्षण प्रतिवेदनको **दफा ४१** बमोजिम नमूना विध्यालयलाई अनुदानको विध्यालयले बिल भरपाई पेश नभएको भनि श्री महुन्याल नमूना मा.वि.को देहाय बमोजिम व्यहोरा र रकमको प्रमाणपेश बेरुजुमा यस लेखासमितिबाट विध्यालयमा माग गरिए बमोजिम तपसिलका प्रमाण कागजात प्राप्त भएको हुदाँ सो **प्रमाणपेश बेरुजु** फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

CamScanner

तपसिल-

| बेरुजू दफा | व्यहोरा | बेरुजु रकम | प्राप्त प्रमाण कागजात |
|---|---|---|---|
| ४१ | नमूना विध्यालयलाई अनुदान वापतको बिल भरपाई पेश नभएको | ४५,००,०००।- | शिक्षक कर्मचारी पारिश्रमिक वापत रकम रु- २२,०१,८२०।– खातामा पठाएको भौचरहरु,<br>विध्यालय कोर्डिनेटर इन्जार्ज भत्ता वापत रकम रु १,५०,०००।- खातामा पठाएको भौचरहरु,<br>विध्यालय गुरुयोजना अनुसार रकम रु ४,००,०००।– को फर्निचर खरिद वापतको बिल, निर्णय र दाखिला प्रतिवेदनहरु<br>विविध खर्चमा रु १,००,०००।-<br>छात्रावास व्यवस्थापनमा रकम रु २,५०,०००।–<br>स्टाफ सौचालय निर्माणमा रकम रु ५,९८,१८०।–का बिल तथा भौचरहरु,<br>शैक्षिक अवलोकन भ्रमण बापत रकम रु ८,००,०००।– खर्चका बिलभरपाईहरु |
| • | **जम्मा रकम** | **४५,००,०००।-** | |

५. **लेखा समिति बैठक संख्या- १६ औ** मिति:- २०८३/०१/३० आ.व. २०७९/०८० बेरुजु दफा नं- ७०

**निर्णय नं १:** यस कार्यालयको आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदनको **दफा ७० र ७०.१** बमोजिम नमूना विध्यालयलाई रकम रु ३०,००,०००।- अनुदानको विध्यालयले बिल भरपाई पेश नभएको भनि श्री महुन्याल नमूना मा.वि.को देहाय बमोजिम व्यहोरा र रकमको प्रमाणपेश बेरुजुमा यस लेखासमितिबाट विध्यालयमा माग गरिए बमोजिम तपसिलका प्रमाण कागजात प्राप्त भएको हुदाँ सो **प्रमाणपेश बेरुजु** फछ्र्यौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

CamScanner

तपसिल-

| बेरुजू दफा | व्यहोरा | बेरुजु रकम | प्राप्त प्रमाण कागजात |
|---|---|---|---|
| ७०.१ | नमूना विध्यालयलाई अनुदान वापतको बिल भरपाई र प्रगति प्रतिवेदन पेश नभएको | ३०,००,०००।- | निजोस्रोत शिक्षक कर्मचारी पारिश्रमिक वापत रकम रु- १७,००,०००।– खातामा पठाएको भौचरहरु,<br>खेल सामाग्री खरिद वापत रकम रु १,५०,०००।– का बिल भरपाईहरु,<br>विध्यालय गुरुयोजना अनुसार रकम रु ३,००,०००।– को फर्निचर खरिद वापतको बिल, निर्णय र दाखिला प्रतिवेदनहरु<br>शैक्षिक सामाग्री खरिदमा रु १,००,०००।– खर्चका बिलहरु,<br>विद्यालय सरसपाई तथा करेसाबारी निर्माणमा रकम रु ५०,०००।– खर्चका भरपाईहरु,<br>अतिरिक्त क्रियाकलापमा रकम रु ५००००।– खर्चका भरपाई,<br>निरन्तर मूल्याङ्कन तथा कक्षागत परीक्षामा रु २५०००।– खर्चका भरपाई,<br>मेशिनरी सामान खरिदमा रकम रु ५०,०००।– खर्चका बिल,<br>कक्षाकोठा शिक्षक स्टेज निर्माणमा रकम रु २,५०,०००।-<br>शैक्षिक अवलोकन भ्रमण बापत रकम रु २,२५,०००।– खर्चका बिल भरपाईहरु |
| | **जम्मा रकम** | **३०,००,०००।-** | |

६. **लेखा समिति बैठक संख्या- १७ औ** मिति:- २०८३/०१/३१ आ.व. २०७७/०७८ बेरुजु दफा नं- ६८.३

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७७/०७८** को लेखापरीक्षण प्रतिवेदनको **दफा ६८.३** बमोजिम नमूना विध्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान वापत रकम रु ५०,००,०००।- को विध्यालयले बिल भरपाई र प्रगति प्रतिवेदन पेश नभएको भनि श्री महुन्याल नमूना मा.वि.कौ

CamScanner

देहाय बमोजिम व्यहोरा र रकमको प्रमाणपेश बेरुजुमा यस लेखासमितिबाट विध्यालयमा माग गरिए बमोजिम तपसिलका प्रमाण कागजात प्राप्त भएको हुदाँ सो प्रमाणपेश बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल-

| बेरुजू दफा | व्यहोरा | बेरुजु रकम | प्राप्त प्रमाण कागजात |
|---|---|---|---|
| ६८.३ | नमूना विध्यालयलाई अनुदान वापतको बिल भरपाई र प्रगति प्रतिवेदन पेश नभएको | ५०,००,०००।- | निजोस्रोत शिक्षक कर्मचारी पारिश्रमिक वापत रकम रु- २४,००,०००।– खातामा पठाएको भौचरहरु,<br>पुस्तकालय, ल्याब तथा खेल सामाग्री प्रबन्ध वापत रकम रु ३,७५,०००।– का बिल भरपाईहरु,<br>शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि वापत रकम रु १०,००,०००।– को बिल भरपाई,<br>विद्यालय विनियमावली निर्माणमा रकम रु २५०००।– का बिल<br>स्थानीय पाठ्यक्रम निर्माणमा रु ३,००,०००।– खर्चका कागजातहरु,<br>विद्यालय सरसपाई तथा करेसाबारी निर्माणमा रकम रु ५०,०००।– खर्चका भरपाईहरु,<br>प्रविधियुक्त कक्षाकोठाको विस्तारमा रु ३,२५,०००।– खर्चका भरपाई,<br>शिक्षण सिकाई, परीक्षा तथा मूल्याङ्कन पद्धतिमा थप सुधार वापत रु २,००,०००।– खर्चका भरपाई,<br>इन्टरनेट क्षमतामा वृद्धिमा रु ७५,०००।– खर्चका बिल,<br>सेवाक्षेत्र भित्रका विद्यालयसंगतको संजाल निर्माण, समन्वय र सहयोग वापत रकम रु- १,००,०००।– का कागजातहरु |
| | जम्मा रकम | ५०,००,०००।- | |

CamScanner

७. **लेखा समिति बैठक संख्या- १८ औ** मितिः- २०८३/०२/०१ आ.व. २०८०/०८१

बेरुजु दफा नं- ६.१९, ६.४४, २२, २९ र ३०.१

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०८०/०८१** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको रकम रु **३८,२३,६४१।- अनियमित बेरुजुमा** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल-**

| **सि. न.** | **दफां** | **छोटकरी व्यहोरा** | **रकम** | **नियमित हुनुपर्ने कारण** |
|---|---|---|---|---|
| १ | ६.१९ | आदिवासी जनजाती महासंघलाइ आर्थिक सहायता | ७५०००.०० | नगर कार्यपालिकाको २०८०।४।१६ को निर्णय बमोजिम विश्व अदिवासी जनजाती दिवस मानउन अन्य संस्था सहायता शिर्षक २५३१५ वाट नेपाल आदिवासी जनजाती महासंघलाइ रु ७५००० उपलब्ध गराउने निर्णय भएतापनि भौचर उठाउदाको भूलले उक्त रकम आर्थिक साहायताको शिर्षक नं २७११२ वाट भुक्तानी भएको र अन्य संस्था सहायता शिर्षकमा विनियोजित रकम रु २००००० मध्ये रु ८०००० मात्र खर्च भइ रु १२०००० बाँकीनै रहेको र खर्च लेख्दाको सामन्य कमजोरीले यो बेरुजु आएको देखिएको र यसवाट कुनै सरकारी हानी नोक्सानी समेत भएको नदेखिएकोले उक्त रकम नियमित गर्न नगरसभा पेश गर्नुपर्ने। |
| २ | ६.४४ | नाफामुलक संस्थालाइ अनुदान | १९०४६९६.०० | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ नगरपालिकाको काम कर्तव्य र अधिकारको खण्ड ख (६) मा स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने समेत रहेको छ।<br>सोही कार्यक्रम अन्तर्गत नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सहकारी संस्थाको भवन निर्माण निजहरुसंगको समन्वय तथा साझेदारीमा कृषि विद्युतिकरण कार्यक्रम |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | लगायतका कार्य गर्न नगरसभाले स्वीकृत गरेको बजेटको परिधिभित्र रही निजहरुलाइ सो अनुदान भुक्तानी गरिएको र स्थानीय लाइ रोजगारी प्रवर्द्धनमा सहयोग पुर्‍याउन जस्तो कार्यमा सहयोग पुग्ने कार्यको लागि महुन्याल दुना टपरी उद्योग सञ्चालनको लागि भवन निर्माणमा अनुदान उपलब्ध गराइएको हो ।<br>उक्त अनुदान रकम ती संस्थाले तोकिएको क्षेत्रमानै प्रतिस्पर्धात्मक तरिकाले खर्च भएको निजहरुले पेश गरेको विल भर्पाइवाट र अनुगमन प्रतिवेदनवाट समेत देखिन्छ ।<br>यी संस्थाहरु नाफामूलक भन्दापनि सेवा मूलक कार्यमानै बढी प्रेरित रहेकोले नगरपालिकावाट लिएको रकमवाट निजहरुले नाफा आर्जन गरी वितरण गरेको नपाइएकोले यी संस्थाहरुलाइ वितरण गरेको अनुदानवाट नगरपालिकालाइ हानी नोक्सानी पुगेको नपाइएको साथै आगामी दिनदेखि यस्था संस्थालाइ दिने अनुदानमा न्यूनिकरण समेत भइसकेकोले उक्त वेरुजु नियमित गर्न नगरसभामा पेश गर्ने । |
| ३ | २२ | निर्देशिकाले तोके भन्दा बढी रकम सूचना प्रकाशनमा भुक्तानी | ६८६७००.०० | नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०७९ ले सुचनामुलक सन्देश,जानकारीमुलक सन्देश, चेतनामुलक सन्देश प्रशारण गर्न एउटा सिमा निर्धारण गरेको छ । तर नगरपालिकाको आर्थिक कारोवारको स्तर र बढ्दो महंगीको कारण उक्त सिमा निकै कम रहेको महसुस गरि सो सिमा बढाउन निर्देशिका संशोधनको कार्य भइरहेको छ । नगरपालिकाले आवस्यक सूचना प्रशारण गरे वापतको मात्र रकम भुक्तानी गरेकोले सो सिमा नाघ्न गएको हो ।<br>आगामी दिनमा सिमा भित्रै रहेर कार्य गर्ने निर्देशन दिदै एक पटकको लागि उक्त बेरुजु नगरसभा लगि नियमित गरिदिनका लागि आगामी नगरसभामा पेश गर्ने । |
| ४ | २९ | उद्योग बाणिज्य संघलाइ रकम भुक्तानी | १००००००.०० | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ नगरपालिकाको काम कर्तव्य र अधिकारको खण्ड ञ मा स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधताको कार्य समेत नगरपालिकाले गर्ने गरी तोकीएको छ । |



...नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

| | | | | |
|---|---|---|---|---|
| | | | | २०८०।१०।१० गते को चौधौ नगर साभाले उद्योग बाणिज्य संघलाइ भजनी महोत्सव सञ्चालन गर्न रु १० लाख बजेट बिनियोजन गरिए अनुसार उक्त संघले कला साहित्य, कृषि,शिक्षा र व्यपार हाम्रो पहिचान र भजनी क्षेत्रको सर्वाङ्गिण विकास हाम्रो अभियान भन्ने मूल नाराका साथ उक्त अभियान माघ २५ देखि फाल्गुण ८ सम्म सञ्चालन भएको र उक्त महोत्सवमा भएको विल भर्पाइ भौचर साथ संलग्न गरी लेखापरीक्षणमा समेत पेश भइसकेको छ । खर्च गर्दा प्रतिस्पर्धात्मक तरिका र मितव्ययी साथै नियमानुसार लाग्ने कर समेत कट्टी भइ भुक्तानी समेत भइ सकेको छ। स्थानीय स्तरमा सञ्चालन हुने यस्ता महोत्सववाट स्थानीय स्तरमा उत्पादित समानको महोत्सवमा विक्री वितरण भएको, स्थानीय व्यवसायीलाइ स्थानीय स्तरमा र आयकरमा दर्ता गराउने कार्यको प्रचार प्रसार भएको, स्थानीयले आफ्नो आवश्यकताको बस्तु स्थानीय बजारमा सहजै खरिद विक्री समेत भएको मेला हेर्न छिमेकी पालिकाका समेत स्थानीयहरु आएकोले आन्तरिक पर्यटन प्रवर्द्धन समेत भएको छ। उक्त मेलावाट रु १५००० मनोरञ्जन कर समेत कट्टी गरी भुक्तानी भएको । उक्त व्यहोरा भुक्तानी भौचरवाट स्पष्ट देखिन्छ।<br>यस प्रकारको खर्च विगतमा समेत हुदै आएको र खर्चको पारदर्शिताको लागि उद्योग बाणिज्य संघले खर्चको सार्वजनिक सुनुवाइ तथा जनलेखापरीक्षण समेत गराएको देखिएको छ । यस प्रकारको खर्चले स्थानीय स्तरमा जनताको आय आर्जनमा बृद्धि हुने सार्वजनिक श्रोतको कुनै हिनामिना समेत नभएकोले उक्त वेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| ५ | ३०.१ | वडा नं ९ को वडा कार्यालयको विविध खर्च भुक्तानी गर्दा सो खर्च पुष्टी हुने कागजात संलग्न गरी नियमित गर्नुपर्ने | १५७२४५.०० | वडा नं ९ को श्रावण देखि फाल्गुण सम्मको विविध खर्च भुक्तानी रिमा होटल गन्जहुवालाइ रु १५७२४५।– पुष्टयाई कागजात प्राप्त भएकोले सो खर्च नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने। |

नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

CamScanner

**जम्मा नियमित गरिने रकम रु ३८,२३,६४१।–**

८. **लेखा समिति बैठक संख्या- १९ औ** मिति:- २०८३/०२/०४ आ.व. २०८०/०८१ बेरुजु दफा नं- ३०.१

**निर्णय नं १:** यस कार्यालयको आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको **रकम रु ५,८६,५६३।- अनियमित बेरुजुमा** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फछौंट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल-**

| सि. न. | दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ३०.१ | कार्यपालिका सदस्य प्रेम चन्दरालाइ औषधी उपचार खर्च भुक्तानीमा विल भर्पाइ संलग्न नभएको | ३००००.०० | नगरपालिका आर्थिक सहायता मापदण्ड सम्वन्धि कार्यविधि २०७६ मा नगरपालिकाले रोगको प्रकृतिको आधारमा रु ५००० देखि रु ३०००० सम्म आर्थिक सहायता दिन सक्ने व्यवस्था छ। निजलाइ लागेको रोगको आधारमा नगर कार्यपालिकाको मिति २०८१।१।१८ को निर्णयको आधारमा उक्त सहायता वितरण गरिएको हुदा यसवाट सरकारी हानी नोक्सान नभएको हुदा उक्त बेरुजु फछौंट गरिदिनका लागि भजनी पेश गर्ने। |
| २ | ३०.१ | वडा नं ४ मा फास्टफुड तालिमको रकम सचिव जिवन कुमारी चौधरीलाइ भुक्तानी भएकोमा लागत अनुमान प्रशिक्षण गर्न पाउने योग्यता | १२१४०५.०० | तालिम कार्यक्रमको लागत अनुमान, सो अनुसारको खर्च तालिका, प्रशिक्षक प्रशिक्षण गर्न पाउने योग्यता खुलेको कागजात प्राप्त भएकोले उक्त अनियमित बेरुजु नगरसभाबाट फर्छयौट गरिदिनका लागि नगरसभामा पेश गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | खुलेको कागजात संलग्न गरी नियमित गर्नुपर्ने | | |
| ३ | ३०.१ | वडा स्तरिय आपतकालिन कोषवाट पाल खरिद गरिएको वितरणको भर्पाइ संलग्न नभएको | ७५४१२.०० | खरिद गरिएका ४५ थान पाल क हा कसलाइ वितरण भएको हो सो निर्णय र वितरण भर्पाइ कागजात प्राप्त भएकोले सो बेरजु फर्छौट गरिदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |
| ४ | ३०.१ | लालबोझी स्वास्थ्य चौकी व्यवस्थापनको रकम खर्चको निर्णय खर्चको तालिका आदी संलग्न गरी नियमित गर्नुपर्ने | १७०७३३.०० | लालबोझी स्वास्थ्य चौकीको व्यवस्थापन खर्चको रकम भुक्तानी गर्दा स्वीकृत लागत अनुमान खर्च तालिका संलग्न गरी उक्त रकमवाट सरकारी हानी नोक्सानी नभएकोले उक्त बेरुजु फर्छयौटका लागि भजनी नगरसभामा पेश गर्ने । |
| ५ | ३०.१ | वडा नं ४ को युवाहरुलाइ प्लम्वर तालिमको मल्टीपल इन्स्टिच्यूट लाइ भुक्तानी भएकोमा कोटेशन सम्झौता पत्र सहभागी छनौट लगायतका कागजात पेश गरी नियमित गर्नुपर्ने । | १८९०१३.०० | प्लम्वर तालिमको लागत अनुमान, कोटेशन सम्झौता र लगायतका कागजात संलग्न गरी उक्त खर्चवाट कुनै सरकारी हानी नोक्सानी नभइ लेखापरीक्षणको समयमा कागजात मात्र पेश गर्न नसकिएकोले उक्त बेरुजु नियमित गरिदिनहुनका लागि नगरसभा पेश गर्ने निर्णय गरियो । |

**जम्मा नियमित गरिने रकम रु ५,८६,५६३।-**

९. **लेखा समिति बैठक संख्या- २० औ** मिति:- २०८३/०२/०४ आ.व. २०८०/०८१ बेरुजु दफा नं- ३०.१

- **निर्णय नं १:** यस कार्यालयको **आ.व. २०८०/०८१** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको **अनियमित बेरुजुमा रकम रु. ३१,११,१८७।-** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

CamScanner

तपसिल-

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ३०.१ | स्वास्थ्य फाजिलको कर्मचारीको तलववाट सडक मर्मतको रकम भुक्तनी गरेंकोमा खर्च सोधभर्ना गरी रकम नियमित गर्नु पर्ने | १२३२७१२.०० | स्वास्थ्यका फाजिलका कर्मचारीको तलव भुक्तानीको लगि विनियजित बजेट कम भएकोले निजहरुको तलब नगरपालिका चालुवाट भुक्तानी भएको र पछि केही रकम तलब भत्ता भुक्तानी गर्न नपुग्ने रकम मात्र थप निकासा भएकोले उक्त शिर्षकमा बचत रकमवाट सडक बोर्ड अन्तर्गतको योजनाको लागि सडक वोर्डवाट रकम निकासा भइ नसकेको अवस्थामा पछि सोधभर्ना हुने गरी खर्च भएको हो ।सडक वोर्डले पछि रकम निकासा पठाएपछि उक्त रकम नगरपालिकाको खातामानै मौज्दात रहेको छ । तत्कालको परिस्थितिको कारण आर्थिक बर्षको अन्त्य भएको समयमा भुक्तानी गर्नुपर्ने र अन्यथा पछि भुक्तानी नहुने कारणले रकम भुक्तानी भएको सोधभर्नाको हिसाव मात्र नमिलेको हो। यसवाट दोहोरो भुक्तानी भएको छैन साथै सरकारी हानी नोक्सानी समेत नभएकोले उक्त बेरुजुलाइ सभाले नियमित गरीदिनका लागि पेश गर्ने। |
| २ | ३०.१ | कांडागाउ बजार देखि राम मा वि ढुसीसम्मको मोटरवाटो निर्माण उ सलाइ भुक्तानी गरेकोमा प्राप्त विल भर्पाइ र र उपभोक्ता समितिको इष्टिमेटमा फरक देखिएकोले खर्च फरक देखिएको | ४६८०५०.०० | उक्त बेरुजुको सम्वन्धमा अध्ययन गर्दा रु २२९८००८ खर्च भइ कार्य सम्पन्न भएको देखिन्छ। निर्माण कार्यको प्रकृतिमा सडक नाला खन्ने र ग्राभेल गर्ने मुख्य कार्य रहेको छ। उक्त खर्चको प्रकृति अनुसार ग्राभेल माटो ढुवानी र फिजाउने लेखवरको खर्चनै प्रमुख देखिन्छ। सो खर्चको ढुवानी विल संलग्त हुन अन्यथा देखिएन। कुल खर्च मध्ये नगरपालिका कोषवाट रु५७५२५० खर्च भएकोमा समाग्री तथा ढुवानी माभएको खर्चको नियमानुसार कर कटाइ रु ४६८०५० मात्र भुक्तानी भएको देखिएको छ। लागत अनुमान अनुसार काम भएको प्रविधिक मूल्याङ्कन तथा नापी कितावर कार्य सम्पन्न प्रतिवेदनको साथै अनुगमन प्रतिवेदनवाट समेत देखिएकोले उक्त भुक्तानीवाट कुनै सरकारी हानी नोक्सानी समेत नभएकोले उक्त बेरुजु नियमितको लागि नगरसभा पेश गर्ने। |

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | ३०.१ | वडा नं १ को विभिन्न स्थानमा बत्ती जडान भनी उपभोक्ता समितिलाइ भुक्तानी भएकोमा उक्त बत्ती जडानको फिल्ड रिपोर्ट र फोटो संलग्न हुनुपर्ने | २७००३७.०० | वडा नं १ को विभिन्न स्थानमा जडानको लागि खरिद भएको सोलार बत्ती कुन कुन स्थानमा जडान भएको हो सो को प्राविधिक रिपोर्ट संलग्न गरी सरकारी हानी नोक्सानी नभएकोले सो बेरुजु फछ्र्यौट गरिदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |
| ४ | ३०.१ | वडा नं ५ पगियापसार नन्द सिंहको पसल देखि मानपुर ट्रान्सफरमर सम्मको सडक सोधभर्ना हुने गरी भुक्तानी गरेकोमा सोधभर्नाको प्रमाण र कर बापत रु ११७७८२ कर असुल समेत हुनुपर्ने | ५६७५२४.०० | उक्त सडक सडक वोर्ड नेपालसंगको साझेदारीमा निर्माण गरिएको र ७० प्रतिशतले हुने रकम १३२४२२३ सडक बोर्डवाट र ३० प्रतिशतको रकम ५६७५२४ मात्र नगरपालिका पूंजीगतवाट भुक्तानी भएको देखिन्छ ।बेरुजुमा उल्लेख भए अनुसार नगरपालिकाले यस भौचरवाट भुक्तानी भएको रकम सोधभर्ना हुनुपर्ने नदेखिएको र कर कट्टा सम्वन्धी व्यहोरा सडक बोर्ड नेपालवाट एकमुष्ट भुक्तानी भएको देखिएकोले यस भौचरवाट भएको खर्च नियमित देखिएको र कुनै सरकारी हानी नोक्सानी भएको नदेखिएकोले उक्त बेरुजु व्यहोरा नगर नगरसभाबाट फछ्र्यौट गरिदिनका लागि अनुरोध गर्ने । |
| ५ | ३०.१ | कुसुमघाट ज्ञानु कुमालको घर देखि गौरव कन्सट्रक्सनलाइ भुक्तानी भएकोमा ठेक्का लगाइ बचत रकमवाट पुन अर्को ठेक्कालगाइ कार्य गर्न मिल्ने देखिएन | ५७२८६४.०० | नगरपालिका पूजीगत अन्तर्गत नगरपालिका वडा नं ३ को ठेकीपुर देखि जवलपुर कन्हैयापुर हुदै दुर्गा मा वि कुसुमघाटसम्म जाने सडकक ठेक्का प्रकृया गर्दा निर्धारित बजेटमा निर्माण व्यवसायीले कम कबुल गरी बचत रहन गएको रकमवाट वडा कार्यालयको सिफारीशमा सोही वडाको कुसुमघाट ज्ञानु कुमालको घर देखि गौरव बोहराको घर सम्मको सडक स्तरोन्नती गर्न नगर कार्यपालिकाको २०८१।१।१८ को निर्णय बमोजिम दरभाउपत्रको माध्यमवाट कार्य गराएको देखियो । यसवाट नगरले पूजीगत खर्चको क्षमता बढाउन सकेको र सरकारी हानी नोक्सानी समेत नभएको र संघीय सशर्तको बजेट समेत नभएको कारणले नगरपालिकाले गरेको निर्णयको आधारमा गरेको खर्च उपयुक्त देखिन्छ । यसवाट सरकारी हानी नोक्सानी समेत नभएकोले उक्त बेरुजु फछ्र्यौट गरिदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |

**जम्मा नियमित गरिने रकम रु ३१,११,१८७।–**

१०. **लेखा समिति बैठक संख्या- २१ औं** मिति:- २०८३/०२/०७ आ.व. २०८०/०८१

बेरुजु दफा नं- ३३, ४७, ५९ र ६५

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०८०/०८१** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको **अनियमित बेरुजुमा रकम रु २९,१५,३६३।-** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फछौंट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल-**

| सि.न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ३३ | गरिविको लागि लघु उद्यम कार्यक्रम निर्देशिका विपरित २ जना कर्मचारी नियुक्ति गरी बर्ष भरीमा २८३८०० खर्च गर्न पाउनेमा रु ८६०००० खर्च लेखेकोले पाउने सिमाभन्दा बढी खर्च लेखेको रु | ५७६२००.०० | निर्देशिकाले उद्यम विकास सहजकर्ता तालिमको लागि बजेटको ३३ प्रतिशत खर्च गर्ने भनेकोमा नगरपालिकाले विगत देखिनै २ जना उद्यम विकास सहजकर्ता नियुक्ती गरी काम लगाएको र यो बर्ष केन्द्रवाट विनियोजन हुने रकम घटी भएको कारण सहजकर्ता परिचालनमा बढी खर्च हुन गएको हो । लघु उद्यमको अन्य कार्यक्रम निजहरुले वडास्तरिय बजेटवाट सञ्चालन गरेकोले निजहरुले बर्ष भरी अन्य काम नगरी तलव भुक्तानी भएको होइन ।<br>केन्द्रवाट विगतको तुलनामा कम बजेट विनियोजन भएको र वडाले आफ्नो बजेटवाट लघु उद्यम कार्यक्रम अन्तर्गत सिपमूलक कार्यक्रम सञ्चालन गरेकोले यसवाट सरकारी हानी नोक्सानी भएको देखिएन । तसर्थ उक्त बेरुजु नियमित गरिदिनका लागि भजनी नगर नगरसभा पेश गर्ने । |
| २ | ४७ | वडा नं १ गोदाम टोलमा पोल सार्ने कार्यका लागि २९४३७० नेपाल विधुत प्राधिकरणलाइ | २९४३७०.०० | पोल सार्ने कार्यको रकम नेपाल विद्युत प्राधिकरणलाइ भुक्तानी भएकोमा लागत अनुमान, प्रविधिक मूल्याङ्कन लगायतका कागजात भएकोले भजनी नगरसभामा फर्छयौटका लागि पेश गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | भुक्तानी भएकोमा लागत अनुमान ठेक्का सम्वन्धि विल फोटो लगायतका कागजात संलग्न गरी नियमित गर्नुपर्ने | | |
| ३ | ५९ | पटक पटक गरी सोझै खरिद | १५६०८९१.०० | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति वा फर्मवाट खरिद गर्न नहुने व्यवस्था छ । नगरपालिका अन्तर्गत विभिन्न शिर्षकमा खर्च हुने र ती सवै शिर्षकको खरिद गर्नुपर्ने सामानको प्याकेजिङ गरी खरिद योजना तयार गरिएको तर काम गर्ने समयमा कुनै कार्य तत्काल गर्नुपर्ने बोलपत्र गर्न समय लाग्नेमा उक्त खरिद नगरेमा कार्यालयको काममा समेत असर पर्ने भएकोले सार्वजनिक खरिद नियमावली अनुसारनै प्रतिस्पर्धात्मक तवरले कोटेशनको माध्यमवाट खरिद गरिएको हो ।<br>यसवाट सरकारी हानी नोक्सानी नभएकोले आगामी दिनमा यस प्रकारको टुक्रे खरिद कार्यलाइ निरुत्साहित गरिएको ब्यहोरा जानकारी गराउदै उक्त वेरुजु फर्छयौट गरिदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |
| ४ | ६५ | सामुदायिक बन भित्र सहकारी संस्थाको भवन निर्माण | ४८३९०२.०० | सहकारीको स्वामित्वमा जग्गा रहे नरहेको यकिन नगरी भवन निर्माण गर्न रकम विनियोजन गरी भुक्तानी गर्न कमजोरी भएकै हो ।<br>तसर्थ यस्ता कमजोरी आगामी दिनमा नदोहरिने प्रतिबद्धता जाहेर गरी एक पटकको लागि उक्त बेरुजु हटाउन अनुरोध गर्दै बेरुजु नियमित गरीदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |

**जम्मा नियमित गरिने रकम रु २९,१५,३६३।–**

**११. लेखा समिति बैठक संख्या- २२ औ** मिति:- २०८३/०२/१८ आ.व. २०७९/०८० बेरुजु दफा नं- ३०, ५६, ९५,१०२.३ क/ख/ग/घ/ङ र ११४

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७९/०८०** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा **रकम रु ९४,९६,८१६।-** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल-**

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ३० | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा स्वीकृत बजेटको अधिनमा रही कुनै शिर्षकवाट पुँजीगत शिर्षकमा २५ प्रतिशत सम्म रकमान्तर गर्न सक्ने व्यवस्था छ ।यो बर्ष कार्यपालिकाले चालु तथा पुँजीगत शिर्षकको विभिन्न ६९ कार्यक्रममा रु ४ करोड ३८ लाख २८ हजार रकमान्तर गरेको छ । सो मध्ये चालु शिर्षकवाट चालु शिर्षकमानै रकमान्तर गरेको कार्य नियमसम्मत नदेखिएको | ३२७७११६.०० | स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहको बजेट तर्जुमा तथा बजेट स्वीकृत गर्ने कार्य सभाको रहेको हो । सभाले पारित गरेको बजेटमा कानुनले तोकेको अधिकार अन्तर्गत रही कार्यपालिकाले रकमान्तर गर्दछ । कार्यगर्ने अवस्थामा कानुनले तोकेको रकमान्तरको क्षेत्र बाहिर गइ कार्य गराउनु परेमा नगरसभाबाट उक्त खर्च अनुमोदन गराउनुपर्दछ।<br>सोही बमोजिम २०७९।८० को लागि विनियोजित बजेटवाट चालु शिर्षकमा विनियोजन भइ खर्च हुन नसकेको रकम तत्काल आवश्यक रहेको चालु शिर्षकमानै कार्यपालिकाले रकमान्तर गरी खर्च गरिएको हो।<br>उक्त रकमान्तरलाइ २०८०।३।७ मा बसेको तेहौ नगरसभामाबाट निर्णय नं ३ मा अनुमोदन समेत भइ सकेको छ। नगर सभाले नै कार्यपालिकाको निर्णय अनुमोदन भइ सकेकोले उक्त वेरुजु कायम हुनुपर्ने देखिएन। तसर्थ उक्त खर्चवाट कुनै हानी नोक्सानी समेत भएको नदेखिएकोले उक्त बेरुजु नियमित गरीदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |
| २ | ५६ | स्थानीय तहका पदाधिकारी र सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७५ विपरित नगरपालिकाले कार्य सञ्चालन निर्देशिका तयार गरी धनसिंह कुडमाल क्षेत्रीलाई नगर प्रमुखको स्वकीय सचिव नियुक्ति गरी तलब भत्ता भुक्तानी | ४५१४९०.०० | स्थानीय तहका पदाधिकारीको सुविधा सम्वन्धि ऐनमा स्पष्ट हुन नसकेको व्यहोराका सम्वन्धमा नगरपालिकाको कार्य सञ्चालन निर्देशिका नगरसभाबाट पारित गरी नगर प्रमुखलाइ स्वकीय सचिव राख्न पाउने व्यवस्था अनुसार नगरपालिकामा पर्याप्त जनशक्ति नभएको कारण धनसिंह कुडमान क्षेत्रीलाइ स्वकीय सचिवको रुपमा कार्य गराइ तलव भत्ता भुक्तानी गरिएको हो।<br>निजले बर्ष भरिनै कार्य गरी तलव भत्ता भुक्तानी भएको हो । लेखापरीक्षणको क्रममा उक्त रकम अनियमित औल्याएपछि निजलाइ स्वकिय सचिवको |

| | | | | |
|---|---|---|---|---|
| | | | | जिम्मेवारीवाट तलव भत्ता भुक्तानी दिन छोडिसकिएको छ। नगर प्रमुखको कार्य व्यस्थताको कारण निजको कार्य सहजिकरणको रुपमा निजले कार्य गरेको आधारमा भुक्तानी भएकोले एक पटकको लागि उक्त रकम नियमित गर्न नगरसभामा पेश गर्ने। |
| ३ | ९५ | भेरिएसन नगरी कार्य सम्पन्न गरेको | ५७७९१५.०० | वडा कार्यालय भवन निर्माण रज्वारा र दुर्गा मा वि भवन निर्माणको सम्झौता भन्दा क्रमश १२.१६ र ५.६ प्रतिशत घटीमा कार्य सम्पन्न भएकोमा सम्झौता अनुसार भेरिएसन नगरी भुक्तानी भएको सम्वन्धमा प्राविधिकवाट कुन कुन आइटममा काम नगराउनु पर्ने वा घटी गराएपनि हुने हो पुष्ट्याइ सहित भेरिएसन गराइ सो वाट कुनै सरकारी हानी नोक्सानी नभएको र तत्काल काम गर्दा समान्य कमजोरी भएको र यस प्रकारको कमी कमजोरी आगामी दिनमा नदोहर्याउने प्रतिवद्धता सहित भजनी भजनी नगरसभामा बेरुजु फर्छौट गरिदिनका लागि पेश गर्ने। |
| ४ | १०२.<br>३ क | वडा सचिव प्रेमराज चौधरीलाइ गत बर्ष भुक्तानी दिन बाँकीको प्रमाण बेगर भुक्तानी दिएको | ४९६९५.०० | तत्कालिन समयमा आर्थिक बर्षको अन्त्यमा सुत्र नचलेको कारण समयमा भुक्तानी नभइ कार्यक्रम खर्चको रकम दायित्वमा राखि निजको पेश्की रु १००००० मात्र फस्र्यौट गरिएको हो ।<br>भुक्तानी दिन बाँकी भए तापनि भुक्तानी दिनबाकी विवरण मात् राख्न छुट भएको तर यथार्थमा निजलाइ गत बर्षको भुक्तानी दिन बाँकीनै भएकोले भुक्तानी गरीएको र यसवाट कुनै सरकारी हानी नोक्सानी नभएकोले उक्त बेरुजु व्यहोरा फर्छयौट गरिदिनका लागि भजनी नगरसभामा पेश गर्ने। |
| ५ | १०२.<br>३ ख | पालिकाको सञ्चित कोष माथि व्ययभार पर्ने गरी निर्णय गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतको हुनेमा वडा अध्यक्षहरुले सम्झौता तथा नियुक्ति गरी भुक्तानी भुक्तानी गरेको नियमित नदेखिएको | ८९५२४२.०० | नगरपालिकाको निर्णय बमोजिम वडाको तत्कालको कार्य गर्न वडाको स्वीकृत बजेटको परिधिभित्र रही पशु हेराला, महिला अभिकर्ता र ल्याव असिष्टेन्ट काम लगाउन निजहरुसंग सम्झौता गरि कार्य गराएको र नगरपालिकाको स्वीकृत बजेटको परिधि भित्र रही निश्चित अवधिको लागि करारको रुपमा काममा लगाइएको र निजहरु स्थायी कर्मचारी समेत नभएको र सिमित अवधिको लागि भएकोले वडासंग सम्झौतावाट काम भएको हो। |

| | | | | |
|---|---|---|---|---|
| | | | | तत्कालको समयमा वडामा पशुहेराला र स्वास्थ्यमा काम गर्ने कर्मचारी अति अवश्यक भएर नियुक्ति गरिएको हो यसवाट प्रमुख प्रशासकिय अधिकृतको कार्यक्षेत्रमा हस्तक्षेप नभइ समयमै काम गर्ने अवस्था सिर्जना भएकोले यसवाट सरकारी हानी नोक्सानी भएको नदेखिएको र समान्य प्रकृयागत त्रुटी मात्र भएकोले आगामी दिनम यस्ता त्रुटी नदोहर्याउने प्रतिवद्धता सहित एक पटकको लागि उक्त बेरुजु नियमित गर्न भजनी नगरसभामा नियमित गरिदिनका लागि अनुरोध गर्ने। |
| ६ | १०२. ३ ग | नगरसभामाबाट बजेट विनियोजन नगरी भजनी प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण भएको र निर्माण कार्यको ठेक्का विल र नापी कितावमा प्रमुख प्रशासकिय अधिकृतले प्रमाणिकरण नगरि भुक्तानी गरेको | १०८००८६.०० | यस सम्वन्धमा भजनी स्वास्थ्य केन्द्रको भवन निर्माण भनी बजेट विनियोजन नगरसभाले निर्मित सार्वजनिक सम्पत्तिको मर्मत शिर्षकमा विनियोजन गरेको शिर्षकवाट नगर कार्यापलिकाको निर्णय अनुसार आन्तरिक श्रोत र राजस्व बाँडफाँट शिर्षकवाट सो रकम सुत्र मार्फतनै भुक्तानी भएको हो। विनियोजननै नगरी भुक्तानी भएको होइन।<br>थै उक्त रकमको निर्माण कार्य सम्पन्न भइ विल भर्पाइ र प्राविधिक मूल्याङ्कन र अनुमगन सहित भुक्तानी भएकोले उक्त बेरुजु कायम हुनुपर्ने देखिएन। तसर्थ उक्त बेरुजु नगर भजनीसभामा अनुरोध गर्ने। |
| ७ | १०२. ३ घ | वडा नं ५ का कर्मचारी तथा पदाधिकारीहरुलाइ कृषि पशुपालन तथा पर्यटन सम्वन्धी असल अभ्यास सिकाइ तथा आदान प्रदानका लागि भौगोलिक भ्रमण शिर्षकमा विनियोजित बजेट रकमवाट वडाले निर्णय गरी वडाको विभिन्न योजना माग गर्न काठमाण्डौ डेलिगेशनमा जादा खर्च गरेकोले बजेटको शिर्षक विपरित खर्च गरेको | २०००००.०० | यस सम्वन्धमा भौगोलिक भ्रमण शिर्षकमा विनियोजन भएको रकमवाट वडा समितिले निर्णय गरी वडाको विकास निर्माणको लागि बजेट माग गर्न केन्द्रमा आउदा जादा खर्च भएको देखिन्छ।<br>उक्त भ्रमणवाट असल अभ्यास सिकाई तथा भौगलिक भ्रमण समेत भएकोले यसवाट सरकारी हानी नोक्सानी नभएकोले एक पटकको लागि नियमित गरी आगामी दिनमा यस प्रकारको कार्य नगर्न वडालाई निर्देशन समेत दिइएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने । |
| ८ | १०२. ३ ङ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा बीस हजार रुपैयाभन्दा | १९५३१४९.०० | सार्वजनिक खरिद नियमावलीमा उल्लेख भए अनुसार एक पटकमा रु २०००० भन्दा बढीको खरिदमा मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मवाट मात्र कारोबार |

| | | | | |
|---|---|---|---|---|
| | | बढी रकमको खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति फर्म वा संस्थावाट गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले टुक्रा पारी मूल्य अभिबृद्धि करमा दर्ता नभएकासंग खरिद गरिएको नियमित नदेखिएको | | गर्नुपर्ने व्यवस्था बमोजिम नै यस पालिकाले खरिद कारोवार गर्दै आएको छ ।नगर भित्रका कतिपय कारोवार गर्ने व्यवसायी मूल्य अभिवृद्धिकरमा दर्ता नभइ स्थायी लेखा नं मात्र लिएका समेत छन । तथापी कतिपय अवस्थामा जिल्ला सदरमुकामका व्यवसायीमार्फत खरिद गर्दा समयमा समान आपूर्ति नहुने हुदा रु २०००० भन्दा कमका सामन खरिद स्थानीय व्यवसायीवाट स्थायी लेखा नं भएको फर्मसंग खरिद गरिएको हो । बेरुजुमा उल्लेख भएको व्यहोरा बर्ष भरीको कारोवार जोडेर उल्लेख गरिंएको छामूल्य अभिवृद्धिकरमा दर्ता नभएका फर्मवाट खरिद गर्दा १५ प्रतिशत कर समेत कट्टा गरी भुक्तानी गरिएको छ । यसै गरी वेरुजुमा उल्लेख भएको कान्द्रा नदी तटवन्ध निर्माणको कार्य उपभोक्ता समितिमार्फत गराएको र कर विजक नभएको सामग्री खरिद मा मूल्य अभिवृद्धि कर भुक्तानी गरिएको छैन । उल्लेखित कारणले गर्दा उक्त व्यहोरावाट सरकारी हानी नोक्सानी नभएको हुदा आगामी दिनमा मूल्य अभिबृद्धि करमा दर्ता नभएकासंग खरिद गर्ने कार्य न्यूनिकरण गर्ने व्यवस्था गर्दै उक्त बेरुजु नियमित गरीदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने । |
| ९ | ११४ | नगरपालिकाको कार्य सञ्चालन निर्देशिकाले तोके भन्दा बढी विज्ञापन खर्च | १०१२१२३.०० | नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०७९ ले सुचनामुलक सन्देश,जानकारीमुलक सन्देश, चेतनामुलक सन्देश प्रशारण गर्न एउटा सिमा निर्धारण गरेको छ । तर नगरपालिकाको आर्थिक कारोवारको स्तर र बढ्दो महंगीको कारण उक्त सिमा निकै कम रहेको महसुस गरि सो सिमा बढाउन निर्देशिका संशोधनको कार्य भइरहेको छ । नगरपालिकाले आवस्यक सूचना प्रशारण गरे वापतको मात्र रकम भुक्तानी गरेकोले सो सिमा नाघ्न गएको हो ।आगामी दिनमा सिमा भित्रै रहेर कार्य गर्ने निर्देशन दिदै एक पटकको लागि उक्त बेरुजु नगरसभा लगि नियमित गरिदिनका लागि आगामी नगरसभामा पेश गर्ने । |

**जम्मा नियमित गरिने रकम रु ९४,९६,८१६।–**



CamScanner

CamScanner

१२. **लेखा समिति बैठक संख्या- २३ औ** मिति:- २०८३/०२/१९ **आ.व.** २०७८/०७९ को बेरुजु दफा नं- १४.३, १४.३, १४.७, १५, १४.३, १६, १७.५ र १९.१ तथा **आ.व.** २०७९/०८० को बेरुजु दफा नं १०२.४ (ञ)

**निर्णय नं १:** यस कार्यालयको लागि **आ.व. २०७९/०८०** को आन्तरिक लेखापरीक्षण तर्फ **दफा १०२.४ (ञ)** को मालिका माई ट्रेड एण्ड सप्लायर्स जोशीपुरको नाममा रकम रु १६,२४७।- असूल बेरुजु सम्बन्धमा निजको निवेदन पश्चात सम्बन्धित प्रमाण कागजातहरु चेकजाँज गर्दा उक्त रकमको लागि श्री गोविन्द जनरल स्टोर जोशीपुर बाट २५ वटा राम्रो टर्चहरु खरिद तथा दाखिला गरि भजनी नगपालिकाका चिराकीलाई बितरण गरिएको देखिन्छ । तथा मालिका माई ट्रेड एण्ड सप्लायर्सले पाउनुपर्ने रकम रु ४,१४,२५८।- नै भुक्तानी पाएकोले यसमा बढी रकम भुक्तानी भएको नदेखिएकोले सो बेरुंजु दफा फर्छोट गरिदिनहुनका लागि भजनी नगरसभामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २:** यस कार्यालयको **आ.व. २०७८/०७९** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औंल्याइएको अनियमित बेरुजुमा **रकम रु ३५,८८,४६३।-** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल-**

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | १४.३ | कर्मेश्वर मा वि को प्राविधिक धार व्यवस्थापनको लागि समान खरिद गर्दा खरिद भएको समानको गुणस्तर परीक्षण नगरिएको र सम्झौता भन्दा बढीको समान खरिद गरिएकोमा भेरिएसन आदेश समेत जारी नभएको | १८५१४१.०० | सशर्त अनुदान रकमवाट प्राविधिक धार व्यवस्थापनको लागि निर्धारित बजेटको परिधिभित्र रहेर कामेश्वर माध्यामिक विद्यालयले सिलवन्दी सुचना प्रकाशन गरिएको र आपूर्तकले लागत अनुमानको तुलनामा कममा कवोल गरेको र विद्यालयको लागि सिभित समान मात्र सिलवन्दी सुचना गरिएकोमा विद्यालयको तत्कालको आवश्यकता परिपूर्ति गर्न सशर्त अनुदानवाट बचत रहेको रकमवाट ११.८१ प्रतिशत थप गरी समान खरिद गरिएको हो।<br>खरिद गरीएको समान गुणस्तरिय तोकीएको स्पेशिफिकेसन अनुसार रहेको प्रतिवेदनकै आधारमा भुक्तानी गरीएको हो। उक्त समान हालसम्म विद्यालयमा प्रयोगमा रहेको छ। काम गर्ने क्रममा तत्काल भेरिएसन स्वीकृत नगरी खरिद भएता पनि यसवाट सरकारी हानी नोक्सानी नभएको व्यहोरा उल्लेख गरी भजनी अनुरोध गर्ने। |
| २ | १४.७ | निर्वाचन आयोगले स्थानीय निर्वाचनको लागि निश्चित स्पेसिफिकेसन तोकी सवैसंग प्रतिस्पर्धा हुन नपाउने गरी पठाएको परिपत्र अनुसार आभास कम्प्युटर ट्रेड धम्बोजीवाट सि सि क्यामरा खरिद गरेको। नगर सभाको निर्णय वेगर प्रतिस्पर्धा सिमित हुनेगरी निर्वाचन आयोगले खर्च गर्न लगाएको नियमित नदेखिएको। | ४९३९२३.०० | स्थानीय निर्वाचनको लागि आवश्यक भनी स्पेसिफिकेसन तोकी निर्वाचन आयोगवाट निर्देशन प्राप्त भए अनुसार नगरपालिकाले उपलव्ध आपूर्तिकसंग स्पेसिफिकेसन अनुसारको सि सि टि भी खरिद गर्न दरभाउपत्र लिएकोमा आभास कम्प्युटर ट्रेड धम्बोजीले सोही स्पेसिफिकेसनको समान कम मूल्यमा उपलव्ध गराउने गरी दररेट पेश गरे बमोजमि निजसंग सम्झौता भइ सामान खरिद गरिएको हो।<br>बेरुजुमा उल्लेख भएको स्पेसिफिकेसनको सम्वन्धमा निर्वाचनको लागि चाहिने स्पेसिफिकेसनको वारेमा नगरपालिका जानकार नहुने र यसको विज्ञता निर्वाचन आयोगमानै रहने हुदा आयोगको निर्देशानुसार खरिद गरी स्थानीय तहको निर्वाचनमा प्रयोग भएको हो। यसले सरकारी हानी नोक्सानी नभएको र आयोगको निर्णयको पालनामात्र गरेकोले उक्त वेरुजु फर्छयौट गरिदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने। |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | १५.६ | महिला स्वास्थ्य स्वयंसेवीका बैठक २ दिन गर्नुपर्नेमा ९ दिन गरी खर्च गरेको | १५९४००.०० | यसमा पालिका अन्तर्गत १०० महिला स्वंसेवक रहेको र पालिका अन्तरगत ९ स्वास्थ्य संस्था रहेका र ती सवै स्वयंसेविकालाइ एकै पटक पालिकामा बोलाएर समीक्षा गरेको नभइ तिनीहरुलाइ नजिक पर्ने स्वास्थ्य संस्थामा बोलाइ ९ ठाउमा बैठक गरिएको र फरक फरक दिनमा बैठक भएकोले ९ दिन बैठक देखिएको मात्र हो ।<br>निजहरुले पाउने सेवा सुविधामा कुनै फरक नपरेको र तोकिएको भन्दा बढी रकम भुक्तानी नभएकोले यसवाट सरकारी हानी नोक्सानी नभएको हुदा उक्त बेरुजु नियमित गरीदिन भजनी नगरसभामा पेश गर्ने । |
| ४ | १६ | उन्नत विउ वितरण कार्यक्रम वीउ विजन तथा व्यवस्थापन निर्देशिका २०७८ बमोजिम DESES प्रणालीमा खरिद तथा वितरण प्रकृया गर्नुपर्नेमा हेमन्त एग्रोभेट सेन्टर र उज्यालो बहुउद्देश्यीय सहकारी संस्थावाट ३४३०००० को आदित्य र गौतमा गहूको विउ खरिद गरी ५० प्रतिशतले हुने १७००००० भुक्तानी गरेको देखिन्छ ।पालिकाले निर्देशिकाले तय गरेको विधि भन्दा बाहिर गई वितरण गरिएको नियमित नदेखिएको | १७०००००.०० | यस सम्वन्धमा उन्नत विउ वितरण कार्यक्रम वीउ विजन तथा व्यवस्थापन निर्देशिका २०७८ भर्खर मात्र लागु भएको र यसले उल्लेख गरेको DESES प्रणालीवाट खरिद गर्ने प्रकृयामा पालिका त्यती अभ्यस्त नभएकोले कृषकहरुवाट माग संकलन गरी आवश्यक परिमाणमा प्रतिस्पर्धा गरी खरिद गरि नगरपालिकाको अंश ५० प्रतिशत भुक्तानी दिएको हो ।<br>उक्त गहुको विउ पारदर्शी रुपमा वितरण समेत गरी सकिएको छ । यो बर्षभन्दा पछिल्ला बर्षमा DESES प्रणालीवाटनै खरिद तथा वितरण गर्ने गरिएको छ ।तर सो समयमा निर्देशिका भर्खरै आएको र उक्त प्रणाली सञ्चालन गर्ने जनशक्तीको अभाव भएको कारण प्रणाली बाहिरवाट खरिद गरिएकोले यसवाट सरकारी हानी नोक्सानी नभएकोले एक पटकको लागि उक्त बेरुजु नियमित गर्न नगरसभामा पेश गर्ने । |

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | १७.५ | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानमा प्रति विद्यालय रु ६ लाख ५० हजार विद्यालय विज्ञान प्रयोगशाला वापत अनुदान दिने व्यवस्था छ ।तर जन जागृति विद्यालयले विज्ञान प्रयोगशालसंग सम्वन्धित सामान खरिद नगरी दराज कुर्सी जस्ता फर्निचर खरिद गरेको देखिएकोले खर्च अनियमित भएको | ६५0000.00 | कार्यक्रम कार्यन्वयन पुस्तिका २०७८।७९ को दफा ९.४ मा स्थानीय तहका सबै माध्यामिक तहले यस प्रकारको अनुदान प्राप्त गरेको सुनिश्चित गरी उच्च विद्यार्थी संख्या भएको जेष्ठता क्रममा आधारभूत तहको कक्षा १-८ सञ्चालित विद्यालयलाइ अनुदान उपलब्ध गराउन सकिने र सोही निर्देशिकामा आवश्यक समान पुस्तक र्याक,बसाइ व्यवस्थाको लागि कुर्सि टेबुल लगायतका समाग्री व्यवस्था गर्न कुल बजेटको २५ प्रतिशत सम्म खर्च गर्न सक्ने व्यवस्था छ ।<br>नगरपालिकाले सोही व्यवस्था बमोजिम जन जागृति आधारभूत विद्यालयलाइ विज्ञान प्रयोगशाला अनुदान उपलव्ध गराएको हो । विद्यालयले पनि सोही निर्देशिका बमोजिम रु ६५०००० मध्ये केही रकमको मात्र फर्निचर खरिद गरी बाँकी रकमको विज्ञान प्रयोगशाला समाग्री खरिद गरेको विल भर्पाई बाट देखिएकोले उक्त बेरुजु हुनपर्ने नदेखिएकोले उक्त रकम नियमित गरीदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |
| ६ | १९.१ | वडा तर्फवाट विद्यालयलाई अनुदान दिएको अनियमित देखिएको | ३९९९९९.00 | बिद्यालयलाइ नगरपालिकाले संघीय सशर्त अनुदान र पालिकाले समानिकरण अनुदान मार्फत विभिन्न विद्यालयलाइ निकासा गर्ने गरेको छ । विद्यालयमा शैक्षीक सामाग्रीको लागि विनियोजन हुने वजेट न्यून रहेको र विद्यालय सञ्चालन गर्न कठिनाइ रहेको कारण दोहोरो नपर्ने गरी वडाहरुले समेत ती विद्यालयको लागि समाग्रि खरिद गर्न बजेट विनियोजन हुने गरेको र उक्त रकम दोहोरो नपरेकोले सरकारी हानी नोक्सानी नभएको हुदा उक्त बेरुजु रकम फर्छौट गरिदिनहुन भजनी नगरसभामा पेश गर्ने । |

**जम्मा नियमित गरिने रकम रु ३५,८८,४६३।–**

**१३. लेखा समिति बैठक संख्या- २४ औं** मिति:- २०८३/०२/२० **आ.व. २०७८/०७९ को**

बेरुजु दफा नं- २०.१, २०.४, २०.११, २०.२०, २०.२१ र २०.२२

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७८/०७९** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा **रकम रु ६०,४५,६३८।–** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फछ्र्यौट गरिदिनेहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल-**

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | २०.१ | प्रयोजन विहिन अनुगमन खर्च- | ३२४०००.०० | नगरपालिकामा तत्कालिन अवस्थमा एक मात्र सवारी साधन रहेको र नगरपालिकाले गरेको निर्माण कार्य लगायतका कार्यक्रममा अनुगमन नगरी भुक्तानी दिन मिल्ने देखिदैन ।नगरपालिकमा ९ बटा वडा रहेको र अनुगमन वेगर भुक्तानी दिन नमिल्ने र अनुगमनमा टोलीनै संलग्न हुनुपर्ने भएकोले मितव्यीताको आधारमा दररेट लिइ बर्ष भरिमा ५१ दिनं सवारी साधन भाडामा लिइ रु ३२४००० भाडा भुक्तानी गरेको हो । अनुगमन प्रतिवेदन पेश नभएको भनी उल्लेख भएको हकमा प्रत्येक योजनाको भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न नगरी भुक्तानी नहुने हुनाले सोही भौचरमा अनुगमन प्रतिवेदन संलग्न गरिएको छ । कार्यालयमा अनुगमनमा जान छुट्टै सवारी साधन नरहेको र अनुगमन प्रतिवेदन एकमुष्ट नभएतापनि प्रत्येक भौचरमा राखिएकोले सो खर्च उपयुक्तनै देखिन्छ । यसवाट सरकारी हानी नोक्सानी नभएकोले उक्त बेरुजु फछ्र्यौटका लागि नगरसभामा पेश गर्ने । |
| २ | २०.४ | सवारी साधन नविकरणमा जरिवाना भुक्तानी | ७३५०.०० | अव देखि समय भित्रै सावरी साधन नविकरण गरि जरीवान नतिर्ने व्यवस्था कडाइका साथ पालना गर्दै एक पटकको लागि उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३ | २०.१ १ | नगरपालिकाले ऐनमा व्यवस्था नभएको अनुगमन भत्ता उपलब्ध गराएको | ८४३५००.०० | नगरपालिकाले नगर भित्र सञ्चालन हुने योजनाको र विभिन्न विषयगत शाखासंग सम्वन्धित कार्य अनुगमन वेगर भुक्तानी नहुने व्यबस्था छ । सरी अनुगमनमा जाँदा नगरपलिकामा पर्याप्त मात्रमा सवारी साधन नभएको तत्कालिन अवस्थामा १ मात्र साधन रहेको ले कर्मचारी तथा पदाधिकारीलाइ अनुगमनमा पठाउनदा अनुगमन भत्ता भुक्तानी गर्ने गरिएको हो । बेरुजुमा उल्लेख भएको दैनिक भ्रमण भत्ता भुक्तानी हुनुपर्ने भनिएकोमा एक पटक जाँदा विभिन्न कार्यक्रमको अनुगमन गर्नु पर्ने सोही दिन फर्कन नगरपलिका भित्र सवै वडामा सार्वजनिक सवारी साधन नचल्ने हुदा दैनिक भ्रमण भत्ता २।३ दिनको दिनुपर्ने अवस्थाले गर्दा तत्कालको लागि मितव्ययी समेत हुने हिसावले नगरकार्यपालिकाले निर्णय गरी अनुगमन भत्ता भुक्तानी गरिएको हो । यसवाट नगरपालिका भित्रको निर्माण कार्य लगायतका कार्यमा गुणस्तरिय कार्य भएको आस्वस्त भइ भुक्तानी गरिएको छ । यसवाट सरकारी हानी नोक्सानी नभइ मितव्ययी तरिकावाट खर्च भएकोले उक्त बेरुजु रकम नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| ४ | २०.२ | गत बर्षको भुक्तानी दिन बाँकीको प्रमाण बेगर भुक्तानी | ११२७३४८.०० | नगरपालिकाले गत बर्ष भुक्तानी दिन बाँकी म ले प फा नं २२१ राख्न छूटेको भएपनि भजनी स्वास्थ्य केन्द्रको प्रोत्साहन सुविधा र राजस्व सुधार कार्य योजनाको रकम भुक्तानी दिन बाँकीनै देखिन्छ । उक्त खर्च दोहोरो नपरेको कारण भुक्तानी दिन बाँकीको प्रतिवेदन तयार गर्न लगाई नगरसभामा पेश गर्ने । |

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | २०.२ १ | ऐन तथा निर्देशिका विपरितको बैठक भत्ता भुक्तानी | ७४३४४०.०० | नगरपालिकमा सिमित जनशक्तिवाट कार्य गर्नुपर्ने अवस्थामा सबै कार्या कार्यालय समयमा मात्र गर्न सम्भव नहुने हुदा कतिपय कानुनले तोकेका बैठक कार्यालय समय भन्दा अघिपछि समेत गर्नुपर्दछ ।<br>नगरपालिकाले कानुनले तोकेको समिति बैठकमा मात्र बैठक भत्ता भुक्तानी भएको र उक्त बैठक कतिपय कार्यालयमा र कतिपय अवस्थमा स्थानीय स्तरका नागरिकको समेत जानकारी लिइ वडा स्तरमा समेत भएकोहुदा सो अवधिको बैठक भत्ता भुक्तानी भएको हो ।<br>कार्यालय समयको अतिरिक्त समयमा काम गरेको आधारमा रकम भुक्तानी भएको हो । यसप्रकारको खर्च आगामी वर्ष न्यूनीकरण गर्ने प्रतिवद्वता जाहेर गर्दै एक पटकको लागि उक्त वेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| ६ | २०.२ २ | राजस्व बाँडफाँट वाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेकोमा उक्त कोषवाट कर्मचारी कल्याण कोष विपरित पेश्की भुक्तानी गरेको | ३००००००.०० | नगरपालिकाको कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि २०७८ को परिच्छेद ३ मा भजनी नगरपालिकामा स्थायी कर्मचारीलाइ सापटी सुविधा उपलव्ध गराइने उल्लेख छ । सो बमोजिम नगरपालिकाले २८ जना स्थायी कर्मचारीलाइ तलब भत्तावाट कट्टी गरी पेश्की भनी सापटी उपलव्ध गराएको हो । कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि यसैसाथ संलग्न छ ।कार्यविधि अनुसारनै काम गरेकोले यो बेरुजु कायम गर्नुपर्ने देखिएन । तसर्थ उक्त बेरुजु नियमित गरिदिनको लागि अनुरोध गर्ने । |

**जम्मा नियमित गरिने बेरुजु रकम रु ६०,४५,६३८।–**

१४. **लेखा समिति बैठक संख्या- २५ औ** मितिः- २०८३/०२/२१ **आ.व. २०७८/०७९** को बेरुजु दफा नं- २१.१, २२.१, २३.८, २४.०३, २८.३ , २८.८, ३१.२.१ र ३१.२.२

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७८/०७९** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा **रकम रु १,३८,२३,७६४।–** यस समितिमा छलफल गरि सो **अनियमित बेरुजु** फर्छोट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल-

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | २१.१ | आर्थिक बर्षको अन्त्यमा नमुना माध्यामिक विद्यालय भवन निर्माण गर्न भनी फ्रिज नगराउने उद्देश्यले मोहन्याल मा वि को खातामा रकम ट्रान्सफर गरेको | ७००००००.०० | उक्त विद्यालयको भवन निर्माणको अवस्थाको सम्वन्धमा यकिन गरी निर्माण भएको भए निर्माण सम्पन्नको प्रतिवेदन र रकम मौज्दात भए विद्यालयवाट माग गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण संलग्न भएकोले सो बेरुजु फछ्यौंट गरिदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने । |
| २ | २२.१ | गत बर्षको भुक्तानीको विवरण संलग्न नगरी राजस्व संभाव्यता अध्ययनको रकम गभर्नेन्स एण्ड डिजाइन सोलुसनलाइ भुक्तानी | ४४८९७४.०० | बेरुजु दफा २०.२० मा सोही व्यहोरा दोहोरो परेकोले यो दफाको बेरुजु हटाउन भजनी नगरसभामा पेश गर्ने । |
| ३ | २३.८ | अमानतवाट निर्माण कार्य | १९६३४५५.०० | सार्वजनिक खरिद नियमावली २०६४ मा अमानतवाट रु १लाख सम्मको कार्यगर्न सक्ने व्यवस्था छ । नगरपालिकाले सोही व्यवस्था अन्तर्गत रहेर सानोतिनो निर्माण तथा मर्मतको तत्काल गर्नु पर्ने कार्यको लागि नगरपालिकाकै कर्मचारीमार्फत गराइ भुक्तानी गर्ने गरीएको छ । तत्काल खरिदका अन्य प्रकृया मार्फत कार्य गर्न नसकिएको अवस्थामा मात्र लागत अनुमान तयार गरी एक लाख भित्रको कार्य मात्र गराएको हो । उक्त कार्यको प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न पेश समेत गरी भुक्तानी गरिएकोले यसवाट सरकारी हानी नोक्सानी समेत नभएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | २४.३ | अनुगमन भत्ता | ५२८९३०.०० | नगरपालिकाले नगर भित्र सञ्चालन हुने योजनाको र विभिन्न विषयगत शाखासंग सम्वन्धित कार्य अनुगमन बेगर भुक्तानी नहुने व्यबस्था छ। यसरी अनुगमनमा जाँदा नगरपलिकामा पर्याप्त मात्रमा सवारी साधन नभएको तत्कालिन अवस्थामा १ मात्र साधन रहेको ले कर्मचारी तथा पदाधिकारीलाइ अनुगमनमा पठाउनदा अनुगमन भत्ता भुक्तानी गर्ने गरिएको हो।<br>रुजुमा उल्लेख भएको दैनिक भ्रमण भत्ता भुक्तानी हुनुपर्ने भनिएकोमा एक पटक जाँदा विभिन्न कार्यक्रमको अनुगमन गर्नु पर्ने सोही दिन फर्कन नगरपलिका भित्र सवै वडामा सार्वजनिक सवारी साधन नचल्ने हुदा दैनिक भ्रमण भत्ता २।३ दिनको दिनुपर्ने अवस्थाले गर्दा तत्कालको लागि मितव्ययी समेत हुने हिसावले अनुगमन भत्ता भुक्तानी गरिएको हो।<br>यसवाट नगरपालिका भित्रको निर्माण कार्य लगायतका कार्यमा गुणस्तरिय कार्य भएको आस्वस्त भइ नगरकार्यपालिकाको निर्णय अनुसार अनुगमन भत्ता भुक्तानी गरिएको छ। यसवाट सरकारी हानी नोक्सानी नभइ मितव्ययी तरिकावाट खर्च भएकोले उक्त बेरुजु नियमित गरीदिनका लागि नगरसभामा अनुरोध गर्ने। |
| ५ | २८.३ | ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्ती | २५९९५९०.०० | नगरपालिकामा स्थायी दरवन्दी कम रहेको र स्थायी पदपुर्ति समेत समयमा नभएको कारण बिगत देखिनै सामाजिक परिचालक श्रोत व्यक्ति सहायक कम्प्युटर अपरेटर लगायतका पदमा विगत देखिनै करारमा नियुक्ति गरी निजहरुको कार्य सम्पादनको आधारमा म्याद थप समेत हुदै आएको छ। यी कर्ममचारीहरु हाल कतिपय बडा सचिवको रुपमा र कतिपय पालिकामा बसेर कार्य गरिरहेका छन। स्थानीय तहको कार्यबोझको कारण तत्काल कार्य गर्न यी क्रर्मचारीलाइ करारमा नियुक्ति गरीएको हो। यसवाट सरकारी हानी नोक्सानी भएको देखिदैन। तसर्थ उक्त बेरुजु नियमित गरीदिनका लागि नगरसभामा अनुरोध गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ६ | २८.८ | कोभिडको लागि नियुक्ती गरिएका करारका कर्मचारीलाइ बर्ष भरी स्वास्थ्य संस्थामा राखी तलव भत्ता भुक्तानी गरेको | १०२६२००.०० | कोभिड व्यवस्थापन अन्तर्गत क्वारेन्टाइन र आइसोलेसन केहि समयको लागि बन्द भएपछि पनि कोभिड रोगको उपचार स्वास्थ्य चौकी मार्फत हुदै आएको थियो । सोही कारणले कोभिड -१९ अन्तर्गत राखिएका कर्मचारीलाइ आइसोलेसन र क्वारेन्टाइन बन्द भए पछि केही समय स्वास्थ्य चौकीमा राखी कार्य गराएको हो ।निजहरुसंगको सम्झौता अनुसार निंजहरुले स्वास्थ्य चौकीमा रहेर कोभिड लगायत अन्य स्वास्थ्य सम्वन्धि कामनै गरेको कारण निजहरुलाइ तलब भत्ता भुक्तानी गरेको हो । तसर्थ उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| ७ | ३१.२.१ | गोविन्द होटललाइ रु २२६१५ भुक्तानी गर्दा पान विल्लवाट भुक्तानी भएको अनियमित | २२६१५.०० | स्थानीय होटलहरु मु अ करमा दर्ता नभएको र उक्त होटललाइ पटक पटकको आदेशवाट भुक्तानी गर्दा मात्र रु २०००० भन्दा बढी भुक्तानी देखिएको हो ।यसवाट कानुनको परिपालनानै भएको देखिएको र यसवाट सरकारी हानी नोक्सानी नभएकोले नगरसभा लगि बेरुजु नियमित गरिदिनका लागि अनुरोध अनुरोध गर्ने । |
| ८ | ३१.२.२ | महुन्याल मिडिया प्रा लि सूचना प्रशारणको भुक्तानी गर्दा एउटै प्रकृतिको विल टुक्र्याइ पान विलवाट भुक्तानी | २३४०००.०० | कार्यालयको कामको प्रकृति अनुसारको पटक पटकको सूचना प्रकाशन तथा प्रशारणवापत पटक पटक भुक्तानी भएको हो । एउटै विललाइ टुक्र्याएर भुक्तानी गरीएको देखिएन । तसर्थ भजनी नगरसभामा उक्त बेरुजु फर्छौटका गरिदिनका लागि पेश गर्ने । |

**जम्मा नियमित गरिने बेरुजु रक़म रु १,३८,२३,७६४।–**

५. **लेखा समिति बैठक संख्या- २६ औ** मिति:- २०८३/०२/२२ **आ.व. २०७९/०८० को बेरुजु दफा नं- ३१.२.३ देखि ३१.२.१४ सम्म**

**निर्णय नं १:** यस कार्यालयको आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा रकम रु ८,०४,२८३।– यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

CamScanner

तपसिल-

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ३१.२.३ | महिला स्वयंसेविकालाइ प्रोत्साहन स्वरुप साइकल वितरण गरेकोमा वितरणको भर्पाइ संलग्न नभएको | ५५१३३.०० | साइकल वितरणको भर्पाइ संलग्न भएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि अनुरोध गर्ने |
| २ | ३१.२.४ | गोरु हेरालाहरुको रकम भुक्तानी गर्दा निजहरुसंगको सम्झौता संलग्न हुनुपर्ने | ७१२८०.०० | गोरु हेरालुको संगको सम्झौता संलग्न गरी सम्झौता अनुसारनै रकम भुक्तानी गरेको र यसवाट सराकारी हानी नोक्सानी नभएको कारण उल्लेख गरी नगरसभा बेरुजु नियमित गरिदिनका लागि अनुरोध गर्ने । |
| ३ | ३१.२.५ | एक लाख भन्दा बढीको खरिदको हकमा ३वटा फर्मवाट दररेट लिइ खरिद नगरेको | ११८६८१.०० | मिश्रा ब्रदर्स धनगढीवाट एकै पटक समान खरिद गरेको नभइ पटक पटकको खरिद आदेश बमोजिम खरिद गरिएको र भुक्तानी मात्र एकै पटक भएकोले एकैपटक खरिद देखिएको मात्र हो । यसवाट सार्वजनिक खरिद नियमावलीको उल्घन भएको छैन । तसर्थ उक्त बेरुजु नियमित गरीदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने । |
| ४ | ३१.२.६ | ज्योती यूवा क्लवलाई संस्थागत आर्थिक सहायता वितरण गरेकोमा कार्यापालिकाको निर्णय संलग्न नभएको | १९७००.०० | ज्योती युवा क्लबलाइ कार्यपालिकाको निर्णय बमोजिमनै आर्थिक सहायता भुक्तानी भएको हो । यसवाट सरकारी हानी नोक्सानी नभएकोले उक्त बेरुजु नियमित गरीदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने । |
| ५ | ३१.२.७ | कार्यपालिकाको निर्णय बेगर कमैया सञ्जाललाई विविध खर्च उपलब्ध गराएको | ५८९३१.०० | लेखापरीक्षणको समयमा कार्यपालिकाको निर्णय पेश हुन नसकेपनि उक्त निर्णय यसैसाथ संलग्न छ । निर्णय अनुसारनै भुक्तानी भएकोले उक्त खर्च |

लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | अनियमित भएको देखिएन । तसर्थ उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा अनुरोध गर्ने । |
| ६ | ३१.२.८ | कार्य सञ्चालन निर्देशिका विपरित नगरपालिका भवन उद्धाटनमा खजा नास्ता भुक्तानी | १०८४१८.०० | नगरपालिका भवन उद्घाटन मा २२२ जना भन्दा बढीनै व्यक्ति संलग्न भएको र ती सवैले माइन्युठ नगरेपनि खाजा सवैलाइ भुक्तानी भएको हो । कार्य सञ्चालन निर्देशिकाले तोकेको नर्म्स भित्रनै रहने गरी भुक्तानी भएको विल मात्र फरक ढंगले तयार भएको कारण बेरुजु हुन गएको हो । उद्धाटनमा आउने सबैलाइ खाना खुवाइएको र उपस्थितिमा दस्तखत गराउन छुट भएकोले यस्तो देखिएको हो । तसर्था नगरपालिकाको भवन उद्धाटनमा देखिएको खर्च उल्लेखनिय समेत नदेखिएकोले उक्त खर्च नियमित गरिदिन नगरसभामा पेश गर्ने । |
| ७ | ३१.२.९ | सरुवा भ्रमण खर्च भुक्तानी गर्दा सरुवा रमाना पत्र संलग्न नभएको | २०६००.०० | वडा सचिव छत्र प्रसाद कोइरालको रमाना पत्र संलग्न गरी उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| ८ | ३१.२.१० | मन्धरी लोक महाकाव्य खरिद गर्नाको उद्देश्य र सम्वन्धितलाइ पुस्तक वितरणको भर्पाइ संलग्न गरी खर्च नियमित गर्नुपर्ने | २७५८०.०० | उक्त पुस्तक खरिद गरी नगर भित्रका विद्यालयको पुस्तकालयमा अध्ययनको लागि राख्न पऊइ सकिएको छ । उक्त बेरुजुवाट सरकारी हानी नोक्सानी भएको नदेखिएकोले नगरसभामा नियमित गरिदिनका लागि अनुरोध गर्ने । |
| ९ | ३१.२.११ | नगर प्रमुखको तोक आदेशको आधारमा करिब रु १५ हजारको दरले २२७००० भुक्तानी भएकोमा यसरी भुक्तानी गर्न मिल्ने निर्णय भएको नदेखिएको | २२७०००.०० | संस्था सहायताको रकम नगर कार्यपालिकाको निर्णय अनुसार वितरण गरिएको हो । यस प्रकारको सहायता वितरण गर्ने मापदण्ड हालसम्म तयार नगरेको व्यहोरा जानकारी गराउदै आगामी दिनमा कार्यविधि तयार गरी खर्च व्यवस्थित गरिने प्रतिवद्धता जाहेर गरी एक पटकको लागि खर्च नियमित गरीदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | ३१.२.१२ | घरभाडा सम्झौतामा वहाल कर रकम थप गरी सम्झौता गरेको | ५१९७५.०० | घर भाडा भुक्तानीमा बहाल कर बाहेको सम्झौता भएको र कर रकम नगरपालिकाले थप गरी खर्च लेखी नगरपालिकामा आम्दानी गरेको छ। यसवाट कुनै सरकारी हानी नोक्सानी भएको छैन। तसर्थ उक्त बेरुजु नियमित गरिदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने। |
| ११ | ३१.२.१३ | गणेश रावललाइ दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेश संलग्न नभएको | १०९८५.०० | स्वीकृत भ्रमण आदेश संलग्न गरी उक्त बेरुजु नियमित गरिदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने। |
| १२ | ३१.२.१४ | कानुनी सल्लाहकार हरि श्रीपाइली लाइ पौष र माघको तलब भत्ता भुक्तानी गरेकोमा निजले सम्पादन गरेको कामको विवरण संलग्न नभएको | ३४०००.०० | कानुनी सल्लाहकारले दिएका कतिपय सल्लाह लिपिबद्ध नहुने हुदा नगरपालिकाको मुद्दा मामिलामा निजले कानुनी सल्लाह सहयोग सो संग सम्वन्धित कागजपत्र तयार लगायतको कार्य गरेकोले सम्झौता बमोजिम निजलाइ तलव भत्ता भुक्तानी गरिएको हो यसवाट सरकारी हानी नोक्सानी भएको देखिएन । तसर्थ उक्त बेरुजु नियमित गरीदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने। |

**जम्मा नियमित गरिने बेरुजु रकम रु ८,०४,२८३।–**

१६. **लेखा समिति बैठक संख्या- २७ औ** मिति:- २०८३/०२/२५ **आ.व. २०७९/०८०** को बेरुजु दफा नं- ३१.२.१५ देखि ३१.२.२७ सम्म र दफा ३६

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७९/०८०** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा **रकम रु ३९,७३,८४३।-** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल-**

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८३

CamScanner

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ३१.२.१५ | चिरन्जीवी विल्डर्सलाई गोदाम घर निर्माणवापतको रकम भुक्तानी गरेकोमा खरिद गर्ने निर्णय तथा टिप्पणी गर्ने | ४७०८४७.०० | लागत अनुमान र निजलाइ दिएको कार्यादेश तथा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरी बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने। |
| २ | ३१.२.१६ | वडा समितिको निर्णयको माइन्युट संलग्न गरी विविध खर्च नियमित हुनुपर्ने | ७३८७५.०० | वडा समितिको खर्चको माइन्युट संलग्न गरिएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि गर्ने। |
| ३ | ३१.२.१७ | कोटेसनवाट खरिद नगरी विल टुक्र्याई खरिद गरेको | १४९५६४.०० | एकै पटक समान खरिद गरेको नभइ पटक पटकको खरिद आदेश बमोजिम खरिद गरिएको र भुक्तानी मात्र एकै पटक भएकोले एकैपटक खरिद देखिएको मात्र हो । यसवाट सार्वजनिक खरिद नियमावलीको उल्घन भएको छैन । तसर्थ उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने। |
| ४ | ३१.२.१८ | आध्यात्म दर्शन सम्वन्धी ४१ पुस्तक खरिद गरेकोमा पुस्तक खरिद गर्नुको उद्देश्य पुस्तक वितरणको भर्पाइ संलग्न हुनुपर्ने | २३६४०.०० | विद्यार्थी हरुलाइ नैतिक शिक्षा अध्ययनमा उपयोगी हुने हुनाले उक्त पुस्तक खरिद गरि विद्यालयमा वितरण समेत भइ सकेको छ । उक्त बेरुजु नियमित गरीदिनका लागि अनुरोध गर्ने। |
| ५ | ३१.२.१९ | दोसल्ला खरिद गरी भुक्तानी गरेकोमा जिन्सी अभिलेख कितावमा जिन्सी दाखिला गरि खर्च नियमित हुनुपर्ने | २७५९५.०० | खरिद गरीएका दोसल्ला विभिन्न कार्यक्रममा सम्मान स्वरुप प्रदान गरिएको हो। यसवाट कुनै सरकारी हानी नोक्सानी भएको छैन। तसर्थ उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने। |

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६ | ३१.२.२० | मारकिन कपडा खरिद गरेकोमा जिन्सी कितावमा दाखिला हुनुपर्ने | ११७०२.०० | उक्त कपडा खरिद गरि जिन्सि दाखिला गरेको प्रमाण संलग्न भएकोले बेरुजु नियमित गरिदिनका लागि नगरसभामा अनुरोध गर्ने । |
| ७ | ३१.२.२१ | नगरसभाको माइन्यूट वेगर विविध खर्चको विल भुक्तानी | ४५०४९.०० | नगरसभाको माइन्युट पेश भएकोले उक्त बेरुजु नियमित गरिदिनको लागिभजनी नगरसभामा पेश गर्ने । |
| ८ | ३१.२.२२ | ९ थान पेन ड्राइभ खरिद गरेकोमा वितरणको भर्पाइ संलग्न नरहेको | १६४००.०० | खरिद गरिएका पेन ड्राइभ स्टोरमा दाखिला गरी माग फारम स्वीकृत गरी सोही आधारमा वितरण गर्ने गरिएको छ । यसवाट सरकारी हानी नोक्सानी भएको छैन । तसर्थ उक्त बेरुजु नियमित गरिदिनको लागि भजनी नगरसभामा पेश गर्ने । |
| ९ | ३१.२.२३ | सेफहाउस निर्माण उपभोक्ता समिति लाइ प्रथम रनिङ विल भुक्तानी गर्दा उपभोक्ता समितिसंग भएको सम्झौता, उपभोक्ता भेलाको निर्णय संलग्न गरी खर्च नियमित गर्नुपर्ने | १०३४२३७.०० | सेफ हाउस निर्माणको लागि उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार विल भर्पाइ प्राविधिक मूल्याङ्कन, नापी किताव जाँचपास प्रतिवेदन संलग्न गरी भुक्तानी गरिएको छ । उपभोक्ता भेलाको निर्णय संलग्न भएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि भजनी गरसभामा पेश गर्ने । |
| १० | ३१.२.२४ | घर भाडा भुक्तांनी गर्दा प्रतिस्पर्धात्मक तरिकाले सूचना माग गरेको प्रमाण पेश नभएको | ७७८५२७.०० | कार्यालयको नयाँ भवन निर्माण नहुन्जेलको लागि कार्यालयका विभिन्न शाखा बाहिर भाडामा रहेको र उक्त घर धनीहरुसंग विगत देखिनै भाडामा लिएको र भाडमा लिदा सार्वजनिक सुचना प्रकाशन गरी प्रस्ताव माग गरी सम्झौता गरी सोही आधारमा भुक्तानी भएको हो । तसर्थ उक्त बेरुजु नियमित गरिदिनको लागि भजनी नगरसभामा पेश गर्ने । |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | ३१.२.२५ | महालक्ष्मी ट्रेड सप्लायर्सलाइ इन्धन खरिदको रकममा निजको कर विजकवाट मूल्य अभिबृद्धिकर कट्टी भएको नदेखिएकले करदाखिलाको प्रमाण पेश नभएको | ५८९९९३.०० | आन्तरिक राजस्व विभागले गरेको परिपत्रमा निर्माण ठेक्कामा मात्र कारविजकमा मूल्य अभिवृद्धिकर कट्टा गर्ने व्यवस्था रहे अनुसार इन्धन खरिदको विलमा मूल्य अभिबृद्धि कर कट्टा गरिएको छैन । निजको पछिल्लो बर्षको करचुक्ता विवरण पेश हुन आएकोले सो बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| १२ | ३१.२.२६ | वडा सचिव जनक प्रसाद भण्डारीलाइ विविध खर्चको भुक्तानी गर्दा वडा समितिको बैठकको माइन्युट लगायतको खर्च लेख्ने प्रमाणित कागजात राखी खर्च नियमित गर्नुपर्ने | १६४१९९.०० | वडा समितिको खर्चको माइन्युट संलग्न भएकोले सो बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| १३ | ३१.२.२७ | टिपर मर्मतको रकम भुक्तानी गरेकोमा १ लाख भन्दा बढीको खरिदमा कोटेसन संलग्न गरी खर्च नियमित गर्नुपर्ने । | १२८२१५.०० | मर्मतको कोटेसन संलग्न हुन आएकोले सो बेरुजु नियमित गरिदिनको लागि भजनी नगरसभामा पेश गर्ने । |

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८०

| | | | | |
|---|---|---|---|---|
| १४ | ३६ | अविरल बर्षाको कारणले क्षतीपुर्याएको तथ्याङ्क संकलन गरेवापत ११६ जनालाइ खाजा खर्चवापनत प्रति दिन रु ८०० ले रु ४६०००० भुक्तानी गरेकोमा व क्षतीको विवरण संकलन भएको कागजात संलग्न गरी यस प्रकारको खर्चमा मितव्ययीता कायम गर्नुपर्ने। | ४६००००.०० | बि सं २०७८ बर्षामा भएको अविरल बर्षाले यस नगरपालिकामा समेत व्यापक क्षतीपुग्न गरेको थियो । उक्त क्षतीको विवरण संकलन गरी तत्काल दिनु पर्ने राहतको निर्णय गर्न दिर्घकालमा चाल्नुपर्ने कदमको लागि तथ्याङ्क संकलन आवस्यक रहेको थियो । सोही तत्याङ्क संकलनको लागि कर्मचारीवाट मात्र सम्भव नभएकोले वडाका प्रतिनिधी, सुरक्षा निकाय, कर्मचारी र जनप्रतिनिधि समेत खटाइएको थियो।<br>सो को लागि प्रतिव्यक्ति रु ८०० दिने कार्यपालिकाको निर्णयानुसार तथ्याङ्क संकलन गरेको प्रमाण संलग्न गरी भुक्तानी भएको हो । यसवाट सरकारी हानीनोक्सानी नभइ खर्चमा मितव्ययितानै कायम भएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा अनुरोध गर्ने। |

**जम्मा नियमित गरिने बेरुजु रकम रु ३९,७३,८४३।–**

१७. **लेखा समिति बैठक संख्या- २८ औ** मिति:- २०८३/०२/२६ **आ.व. २०७७/०७८** को बेरुजु दफा नं- १६, २१.५, २२.३, २५.५, ३१.२, ३३, ३५, ३६, ३८, ४२ र ४६

**निर्णय नं १:** यस कार्यालयको कार्यालयको **आ.व.** २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा **रकम** रु ६०,७४,३४७।- यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

तपसिल-

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | १६ | कार्तिक पश्चात आइसोलेसन तथा क्वारेन्टाइन बन्द भइसकेपछि पनि कोभिडको लागि ३ जाना कर्मचारी करारमा राखी चैत्रसम्मको तलव खर्च लेखेको | २८४५४३.०० | नगरपालिका अन्तर्गत अन्य आइसोलेसन बन्द भइ सकेपछि पनि भजनी स्वास्थ्य केन्द्रमा सञ्चालित आइसोलेसन केही अवधि सञ्चालन भएको सो अवधिको कोभिडको तथ्याङ्क संकलन र सम्पत्ति व्यवस्थापनको लागि निजहरुसंग आइसोलेसन बन्द हुन अगाबै सम्झौता समेत भइ सकेकोले निजहरुलाइ सम्झौता र आवश्यकताको आधारमा निजहरुले २०७७ कार्तिक पश्चात समेत कोभिड सम्वन्धि कार्य गरेको आधारमानै भुक्तानी गरेको हो।<br>निजहरुलाइ सम्झौता अनुसार काम गरेको रकम भुक्तानी भएको र कर्य समाप्ति पश्चात निजहरुको म्याद नथपिएको हुदा निजहरुलाइ कार्य गराइ भुक्तानी गरेको रकम बेरुजु हुनु नपर्ने देखिएको र यसवाट सरकारी हानी नोक्सानी समेत भएको नदेखिएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने। |
| २ | २१.५ | पालिकाको प्रशासकिय भवन निर्माण गर्दा भेरिएसन आदेश स्वीकृत नगरी लागत अनुमानको ५.५ प्रतिशत थप गरी भुक्तानी | ३१७२१०८.०० | यसमा नगरपालिकालको भवन निर्माण गर्दा B O Q आइटममा केही परिमाण थप घट गर्नुपरेकोले प्राविधिकको सिफारिशमा ५.५६ प्रतिशत थप गरी भेरिएसन आदेश जारी गरी रकम भुक्तानी भएको हो। भवन निर्माण गर्दैजाने क्रममा कुनै कार्य थप घट हुनु स्वभाविक रहेको सोही अनुसार भेरिएसन आदेश जारी गरेर मात्र भुक्तानी भएको हो। यसवाट कुनै अनियमितता भएको देखिदैन। भेरिएसन आदेश जारी गरेको पत्र संलग्न भएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा अनुरोध गर्ने। |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | २२.३ | प्रधानमन्त्री रोजगारी कार्यक्रममा ज्याला भुक्तानी गर्दा नै ३ प्रतिशत रकम भुक्तानी भइसकेको अवस्थामा पुन नगरपालिकावाट औजार खरिदको लागि भनि भुक्तानी | २९९०६०.०० | प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका अनुसारनै ज्याला भुक्तानी रकमको ३ प्रतिशत सम्म औजार खरिद मा खर्च लेख्न मिल्ने व्यवस्था अनुसारनै भुक्तानी भएको हो थप औजार खरिद वापतको रकम भुक्तानी भएको छैन। ज्याला भुक्तानी गर्दा निर्देशिका अनुसार विसुद्द ज्याला मात्र भुक्तानी भएको र औजार खरिद बापत सही शिर्षकवाट ज्याला मात्र भुक्तानी भएको यसवाट खर्च दोहोरो नभएको र निर्देशिका बमोजिमनै खर्च भएकोले उक्त बेरुजु नियमित गरीदिनका लागि नगरसभामा अनुरोध गर्ने। |
| ४ | २५.५ | नगरपालिकाले नगरपालिकावाट सञ्चालित योजनामा नगरपालिका खातामा मौज्दात हुदाहुदै लखराय बाढी प्रतिकार्य परियोजनामा सुरक्षीत भवन निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरेको नियमित नदेखिएको | ७७६०००.०० | लखराय बाढी प्रतिकार्य परियोजनामा सुरक्षीत भवन निर्माण कार्यको लागि सशर्त कार्यक्रममा रकम विनियोजन भइ आएकोले सोही बमोजमि भुक्तानी भएको हो। नगरपालिकावाट सञ्चालित योजनामा बजेट भए तापनि उक्त रकमवाट अन्य योजनामा खर्च भएकोले खर्च दोहोरो नपरेको र सशर्त योजनामा विनियोजित रकम सोही योजनामा खर्च गरिएको हो।<br>यसवाट दोहोरो भुक्तानी भइ सरकारी हानी नोक्सानी भएको छैन। तसर्थ उक्त बेरुजु नियमित गरिदिन नगरसभामा पेश गर्ने। |
| ५ | ३१.२ | रोजगार संयोजकको कार्यविवरण अन्नरगतको कामको लागि कुनै निर्णय नगरी ९ जना कर्मचारीको लागि ७ दिन काम लगाइ डाटाइन्ट्रीवापत रु २० का दरले १६९४ जनाको विवरण प्रविष्ट गरेको रकम भुक्तानी | ३३८८०.०० | नगरपालिकामा रोजगार संयोजक एक जना मात्र रहेको र सो समयमा बेरोजगारको तथ्याङ्क संकलन गरी कार्यक्रम संचालन गर्नुपरेकोले ९ जनालाइ ७ दिनमा सो काम गराइ प्रति व्यक्ति रु २० ले १६९४ जनाको रु ३३८८० भुक्तानी भएको हो उक्त कार्य तत्काल एक जना रोजगार संयोजकवाट मात्र सम्भब नभएकोले भुक्तानी भएको हो।<br>यसवाट सरकारी हानी नोक्सानी भएको नदेखिएकोले उक्त वेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने। |
| ६ | ३३ | नगरपालिकामा न्यायिक परामर्शको लागि हरिराम श्रीपाइली नियुक्ति गरेको अवस्थामा कानुनी परामर्श र राय प्रदान गरे वापत | ५६०००.०० | नगरपालिकामा कानुनी परामर्शको लागि हरिराम श्रीपाइलीलाइ नियुक्ती गरी काम लगाएतापनि नगरपलिका संग सम्वन्धित कतिपय मुद्दामा बहस पैरवी गर्न एक जना कानुन व्यवसायीले नभ्याउने भएकोले मुद्दाको गाम्भिर्यता र चाप हेरेर आवश्यकताको आधारमा अधिवक्ता गम्भिर सिंह ऐर लाइ काम |



भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

| | | | | |
|---|---|---|---|---|
| | | अधिवक्ता गम्भिर सिंह ऐरलाइ ६ दिनको ४१००० र यातायात खर्च ३ दिनको १५००० भुक्तानी गरेकोमा कानुनी सल्लाहकार हुदाहुदै बाहिरको सल्लाहकार राखि नियुक्ति गरेको नियमसंगत देखिएन। | | लागएको र निजलाइ धनगढीसम्मको आतेजाते यातायात खर्च र निजको परिश्रमिक भुक्तानी गरिएको हो। नगरपलिलकासंग सम्वन्धित मूद्दा बढी भएको अवस्थामा थप कामको लागि मात्र काम लागाइ सहमतीको आधारमा कर कट्टी गरी रकम भुक्तानी भएकोले उक्त बेरुजु कायम हुन पर्ने देखिदैन । उक्त बेरुजु नियमित गरिदिनको लागि नगरसभामा पेश गर्ने। |
| ७ | ३५ | सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ पदाधिकारीलाई कार्यापालिका र सभाको बैठक वाहेक अन्य बैठक भत्ता उपलव्ध गराउन मिल्ने देखिएन। अर्थ मान्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ कानुन बमोजिम गठन भएका र एकै निकायका मात्र पदाधिकारी नभएको बैठकमा भत्ता उपलव्ध गराउन सकिने व्यवस्था छ ।ऐन तथा निर्देशिका विपरित बैठक भत्ता भुक्तानी | ४५९५००.०० | नगरपालिकमा सिमित जनशक्तिवाट कार्य गर्नुपर्ने अवस्थामा सबै कार्या कार्यालय समयमा मात्र गर्न सम्भव नहुने हुदा कतिपय कानुनले तोकेका बैठक कार्यालय समय भन्दा अघिपछि समेत गर्नुपर्दछ। नगरपालिकाले कानुनले तोकेको समिति बैठकमा मात्र बैठक भत्ता भुक्तानी भएको र उक्त बैठक कतिपय कार्यालयमा र कतिपय अवस्थमा स्थानीय स्तरका नागरिकको समेत जानकारी लिइ वडा स्तरमा समेत भएकोहुदा सो अवधिको बैठक भत्ता भुक्तानी भएको हो। कार्यालय समयको अतिरिक्त समयमा काम गरेको आधारमा रकम भुक्तानी भएको हो। यसप्रकारको खर्च आगामी वर्ष न्यूनीकरण गर्ने प्रतिवद्वता जाहेर गर्दै एक पटकको लागि उक्त वेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने। |
| ८ | ३६ | नगरसभामा खटिएका कर्मचारी ३२ जनालाइ १ महिनाको प्रोत्साहन भत्ता भुक्तानी | ८४०४०१.०० | नगरपालिकामा सिमित कर्मचारीवाट कार्य सञ्चालन गर्नुपरेको नगर सभाको समयमा बजेट तर्जुमा योजना छनौट लगतायतका काम गर्न विद्यमांन जनशक्तीलाइ नगरसभाको एक दूई महिना अगाडी देखि नगरसभा सम्पन्न नहुन्जेल विहान साँझ र सार्वजनिक विदाको दिनमा समेत कार्य |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | गराउनु परेकोले नगर सभाको समयमा काम गर्ने कर्मचारीलाइ उत्प्रेरणा स्वरुप एक महिनाको तलब दिने गरी अघिल्लो नगर सभाले बजेट विनियोजन गरे अनुसारनै भुक्तानी गरिएको र सो मा लाग्ने नियमानुसारको पारिश्रमिक कर समेत कट्टा भएकोले यसवाट सरकारी हानी नोक्सानी भएको देखिएन। नगर सभाको समयमा गर्नुपर्ने अतिरिक्त कार्यको लागि थप दरवन्दी सिर्जना गर्न असम्भव रहेको र विद्यमान जनशक्तिलाइ केही उत्प्रेरणा दिइ कार्य गराएकोहुदा उक्त बेरुजु नियमित गरिदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने। |
| ९ | ३८ | सवारी साधन नविकरणमा जरिवाना भुक्तानी | १२८००.०० | नगरपालिकामा रहेका विभिन्न सवारी साधनको नविकरण समयमा गर्न नसकी ढीला गर्दा जरिवाना तिरेको सम्वन्धमा आगामी दिन देखि एस प्रकारको दस्तुर समयमै बुझाउने प्रतिबद्धता व्यक्त गरी एक पटकको लागि बेरुजु नियमित गरिदिन नगरसभामा पेश गर्ने। |
| १० | ४२ | गत आ ब को भुक्तानी दिन बाँकीको प्रमाण बेगर गत बर्षको दायित्व भुक्तानी | ८२३५०.०० | लेखापरीक्षणको समयमा गत आ वको भुक्तानी दिन बाँकीकी प्रमाण पेश गर्न नसकिएपनि उक्त रकम बास्तविक रुपमा भुक्तानी दिन बाँकी भएरनै भुक्तानी भएको हो। यसवाट दोहोरो भुक्तानी नभएको प्रतिवद्धता व्यक्त गर्दै भुक्तानी दिन बाँकीको विवरण प्रमाणित प्राप्त भएकोले सो संलग्न गरी बेरुजु नियमित गरीदिनका लागि अनुरोध गर्ने। |
| ११ | ४६ | विविध खर्च शिर्षकवाट कर्मचारी पिकनिक खर्च भुक्तानी | ५७७०५.०० | यस प्रकारको खर्च आमागी दिनमा बन्द भई सकेको श्री महालेखापरीक्षकको कार्यालयको पछिल्ला प्रतिवेदनले समेत पुष्टी गरी सकेको र आगामी दिनमा पनि यस प्रकारको खर्च हुन नदिन कार्यमालिकालाइ निर्देशन दिदै उक्त बेरुजु एक पटकको लागि नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने। |

**जम्मा नियमित गरिने बेरुजु रकम रु ६०,७४,३४७।–**

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२

१८. **लेखा समिति बैठक संख्या- २९ औ** मिति:- २०८३/०२/२७ **आ.व. २०७७/०७८** को बेरुजु दफा नं- ४७, ५९.१, ६१.२, ६१.३, ६२, ६३, ६५, ६८.२, ७१.४ र ७५

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७७/०७८** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा **रकम रु ३९,३०,११२।-** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फछ्र्यौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल-**

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ४७ | भजनी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पदाधिकारीको निर्वाचन खर्च भुक्तानी | १२१५२०.०० | खानेपानी उपभोक्ता समिति एक स्वतन्त्र निकाय हो । नगर भित्रका नागरिकको लागि खानेपानी उपलब्ध गराइ सो बापत नागरिकवाट केही शुल्क असुल गरी खानेपानी धारा मर्मत मेसिन मर्मत गर्ने गरेको छ । समितिको विधान अनुसार निश्चित समयमा उक्त समितिको पदाधिकारीको म्याद समाप्त हुने भइ पुन उपभोक्ता मध्येवाट नयाँ समिति निर्वाचन गर्ने विधानको व्यवस्था अनुसार निर्वाचनको लागि पलिकाले कर्चारी खटाइ निर्वाचन खर्च कर्मचारीको बैठक भत्ता चिया खाजा खर्च र टेन्ट मेच पाल लागतयतको खर्च समितिमा पर्याप्त मौज्दात नभएको कारण उल्लेख भइ अनुरोध भए अनुसार पालिकाले व्यहोरेको हो ।<br>उक्त भुक्तानीवाट नगरवासीले स्वच्छ खानेपानी पिउने अधिकारमा मद्दत पुगेको नगरपालिकाले बिश्वास लिएको छ । समिति सक्षम नभएको अवस्थामा मात्र यस प्रकारको भुक्तानी भएको हो । हाल समिति सक्षम रहेको अवस्थामा हाल यस प्रकारका खर्च भुक्तानी भएका छैनन । तसर्थ एक पटकको लागि यस प्रकारको खर्च नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| २ | ५९.१ | शिर्षक फरक पारी खर्च लेखेको अनियमित | ३३४५९४.०० | कोभड-१९ को सययमा स्वास्थ्यकर्मीको हाजिरको आधारमा रात्रीकालिन सेवा वापत रु १९३३२४ र अन्तरंग सेवा प्रदान गरेको रकम रु १४१२७० नगरपालिकाको आन्तरिक श्रोतवाट दिनु पर्ने भए तापनि तत्काल आर्थिक बर्षको अन्त्यमा |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | नगरपालिकामा सो शिर्षकमा मौज्दात नरहेको र कोभिड महामारी काम गरेका स्वास्थ्य कर्मीको काममा प्रोत्साहन गर्नुपर्ने अवस्थामा बजेट अभावले भुक्तानी रोक्न उपयुक्त नभएकोले सशर्त अनुदान वाट भुक्तानी भएको यसवाट भुक्तानी दोहोरो नपरेको र सरकारी हानी नोक्सानी समेत नभएको हुदा उक्त रकम भजनी नगरसभामा पेश गर्ने । |
| ३ | ६१.२ | कार्यापलिकाले ऐनमा व्यवस्था नभएको कार्यक्रम अनुगमन भत्ता भुक्तानी | ९२४७०४.०० | नगरपालिकाले नगर भित्र सञ्चालन हुने योजनाको र विभिन्न विषयगत शाखासंग सम्वन्धित कार्य अनुगमन वेगर भुक्तानी नहुने व्यबस्था छ ।यसरी अनुगमनमा जाँदा नगरपलिकामा पर्याप्त मात्रमा सवारी साधन नभएको तत्कालिन अवस्थामा १ मात्र साधन रहेको ले कर्मचारी तथा पदाधिकारीलाइ अनुगमनमा पठाउनदा अनुगमन भत्ता भुक्तानी गर्ने गरिएको हो ।<br>बेरुजुमा उल्लेख भएको दैनिक भ्रमण भत्ता भुक्तानी हुनुपर्ने भनिएकोमा एक पटक जाँदा विभिन्न कार्यक्रमको अनुगमन गर्नु पर्ने सोही दिन फर्कन नगरपलिका भित्र सवै वडामा सार्वजनिक सवारी साधन नचल्ने हुदा दैनिक भ्रमण भत्ता २।३ दिनको दिनुपर्ने अवस्थाले गर्दा तत्कालको लागि मितव्ययी समेत हुने हिसावले अनुगमन भत्ता भुक्तानी गरिएको हो ।<br>यसवाट नगरपालिका भित्रको निर्माण कार्य लगायतका कार्यमा गुणस्तरिय कार्य भएको आस्वस्त भइ नगरकार्यपालिकाको निर्णय अनुसार अनुगमन भत्ता भुक्तानी गरिएको छ । यसवाट सरकारी हानी नोक्सानी नभइ मितव्ययी तरिकावाट खर्च भएकोले उक्त बेरुजु नगरसभा लागि नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| ४ | ६१.३ | वडा कार्यालय भित्रको अनुगमन भत्ता भुक्तानी | ११८५७५.०० | वडा स्तरिय कार्यक्रममा पनि अनुगमन नगरी भुक्तानी नहुने भएकोले दैनिक भ्रमण भत्ताको सट्टा अनुगमन भत्ता दिने नगरपालिकाको निर्णयलेनै भुक्तनी भएको हो ।<br>सुदुर पश्चिम प्रदेशको पदाधिकारी सम्वन्धि ऐनमा अनुगन भत्ताको व्यवस्था नभए तापनि नगर सभाले निर्णय गरी वजेट व्यवस्था गरी भुक्तानी भएको हो । यसवाट सरकारी हानी नोक्सानी नभइ मितव्ययी तरिकावाट खर्च भएकोले उक्त बेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | ६२ | स्वास्थ्य मन्त्रालयको निर्णय विपरित आर डि टी किट खरिद गरी भुक्तानी | ६७८००.०० | यसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७७।४।१७ मा निर्णय गर्नु अगाबै खरिद आदेश भइ सामान आपूर्ति भइ सकेको र विल प्राप्त भइ भुक्तानी मात्र ढीला हुन गएको मात्र हो मन्त्रालयको निर्देशा पुर पालना गरिएकोले उक्त बेरुजु नियमित गरीदिनका लागि नगरसभामा पेश गर्ने । |
| ६ | ६३ | विद्युतिय हाजीर बेगर अतिरिक्त समयको भत्ता भुक्तनी | ६३२४०.०० | तत्कालिन समयमा विधुतिय हाजिर अवरुद्ध भइ केही समय म्यानुयलमै हाजिर गरिएको र नगरपलिकाले शान्ति बलाम्पाकी र खिम बहादुर पनाडीलाइ २०७७ श्रावण भाद्र र असोजमा कोभिड १९ को रिपोर्टिङमा खटाएको र अतिरिक्त समयमा समेत बसेर कार्य गरेकोले उक्त अतिरिक्त समयको भत्ता भुक्तानी गरेको हो ।<br>कार्यालय प्रमुखले हाजिर प्रमाणित गरी दिएको आधारमा कार्यालय प्रमुखलेनै उक्त खर्च भुक्तानी गरेको हो । उक्त अवस्थाले गर्दा सो बेरुजु नियमित गरीदिनका लागि भजनी नगरसभामा पेश गर्ने । |
| ७ | ६५ | गत आ ब को भुक्तानी दिन बाँकीको प्रमाण बेगर गत बर्षको दायित्व भुक्तानी | ४०७९४३.०० | लेखापरीक्षणको समयमा गत आ वको भुक्तानी दिन बाँकीकी प्रमाण पेश गर्न नसकिएपनि उक्त रकम बास्तविक रुपमा भुक्तानी दिन बाँकी भएरनै भुक्तानी भएको हो । यसवाट दोहोरो भुक्तानी नभएको प्रतिवद्वता व्यक्त गर्दै भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी संलग्न गरी बेरुजु नियमित गरीदिनका लागि भजनी नगरसभामा अनुरोध गर्ने । |
| ८ | ६८.२ | उपभोक्ता समिति वा लाभ ग्राही समुदायलाइ लगाएको काम सव कन्ट्रयाक्टवाट गराएको सम्झौता बापतको थप रकम भुक्तानी भएको रकमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने | १७२८०००.०० | राष्ट्रिय मा वि खैलाडको लागि २ कोठे भवन निर्माण गर्न नगरपालिकाले रु १८००००० र विद्यालयले ३५६०२९ व्यहोर्ने गरी सम्झौता भएको छ ।उक्त रकम उपभोक्ता मार्फत गर्ने गरी नगरपालिकाले सम्झौता गरेको होइन । विद्यालयमा गएको उक्त रकम खर्च गर्न विद्यालय व्यवस्थापन समिति स्वतन्त्र रहेको छ ।<br>नगरपालिकाले उक्त निर्माण कार्यको अनुगमनसम्म गर्ने हो ।यो बर्षको अन्त्यसम्ममा प्राविधिक मूल्याङ्कन अनुसार रु ११७२२५७ को कार्य भएकोमा विद्यालयको सहभागिता अंश कटाइ रु ९३७२५७ भुक्तानी भएको र उक्त कार्य भैरहेको र प्राविधिक मूल्याङ्कन हुन बाँकी देखिएकोले आर्थिक बर्षको अन्त्यमा खर्च नलेखेमा बजेट फ्रिज हुने हुदा रु७९०७४२ बजेट खर्च लेखी विद्यालयको खातामा जम्मा गरीएको हो |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | ।उक्त रकम सहितको कुल रु २१५६०२९ कै कार्य सम्पन्न भइ सकेकोले विद्यालय भवन निर्माणको कार्य सम्पन्न प्रतिवेदन यसैसाथ संलग्न छ । उक्त बेरुजु नियमित गरिदिनको लागि भजनी नगरसभामा अनुरोध गर्ने । |
| ९ | ७१.४ | नगरपालिका भित्रका विद्यालय निरीक्षण गर्न भ्रमण भत्ता भुक्तानी | २००००.०० | नगरपालिकाले विद्यालय अनुगमन गरे वापत ४ कर्मचारीलाइ अनुगमन भत्ता भुक्तानी गरिएको हो यसवाट कुनै सरकारी हानी नोक्सानी नभइ विद्यालयको अनुगमन भएको अनुगममन प्रतिवेदनको आधारमा भुक्तानी भएकोले उक्त वेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |
| १० | ७५ | आवश्यकताको पहिचान बेगर आर्थिक बर्षको अन्त्यमा कपडा खरिद गरी मौज्दात राखेको | १४३७३६.०० | आर्थिक बर्षको अन्त्यमा खरिद भएकोले तत्काल वितरण गर्न नसकिएको मात्र हो । उक्त सर्ट र पाइन्टको कपडा वितरण गरेको भर्पाइ संलग्न गरी उक्त वेरुजु नियमित गरिदिनका लागि नगरसभामा पेश गर्ने । |

**जम्मा नियमित गरिने बेरुजु रकम रु ३९,३०,११२।–**

:९. **लेखा समिति बैठक संख्या- ३० औ** मिति:- २०८३/०२/२८ **आ.व. २०७६/०७७** को बेरुजु दफा नं- १४, २२, ६२, ६६, ६९ र ८१

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७६/०७७** को लेखापरीक्षण प्रतिवेदनमा देहाय बमोजिम दफामा औंल्याइएको अनियमित बेरुजुमा **रकम रु ९९,२९,८१८।-** यस समितिमा छलफल गरि सो अनियमित बेरुजु फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल-**

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | १४ | नगरपालिकाको कर्मचारी कल्याण कोषको सञ्चालन तथा परिचालन सम्बन्धि कार्यविधि निर्माण नगरी कर्मचारी ठग्गुराम कठरियालाई अवकास पश्चातको रकम भुक्तानी | २७०१६००.०० | स्थायीय सरकार सञ्चालन ऐन २०७४आइ सकेपछि कर्मचारी ऐन नियम नबनेको अपस्थामा स्थानीय सेवाका कर्मचारीको लागि स्थानीय स्वायत्त शासन नियमावली २०५६अनुसार सेवा सुविधा दिनुपर्ने हुन्छ ।यस नगरपालिकामा पनि कर्मचारी अवकास हुदा नियमावलीको व्यवस्था अनुसार कर्मचारी कल्याण कोषवाट निजको सुविधाको रकम भुक्तानी भएको हो । सुझाव,अनुसार कर्मचारी कल्याण कोषको कार्यविधि तयार गरिने जानकारी गराउदै उक्त वेरुजु नगरसभा लगि नियमित गरीदिनका लागि नगरसभामा अनुरोध गर्ने । |
| २ | २२ | स्थानीय कर्मचारी सञ्चालन ऐनमा आर्थिक सहायता वितरण गर्ने व्यवस्था नभएकोमा पालिकाले आर्थिक सहायता वितरण गरेको | ८९७०००.०० | नगरपालिकाले वडागत सिफारिश तथा निवेदनको आधारमा अन्य सामाजिक सहायता कार्यक्रमवाट आर्थिक सहायता वितरण गरेको हो । नगरपालिकाले हाल यस्तो आर्थिक सहायता वितरण गर्ने कार्यविधि समेत स्वीकृत गरी सकेको छ । त्यस समयमा कार्यविधि तय नभएको र कुनै विपन्न नागरिकलाइ रोग लागि उपचार गराउन नसक्ने अवस्थामा,आगलागीमा परी जनधनको क्षती भएको अवस्थामा बाढी पिडित लगायतका अवस्थामा वडा समेतको सिफारिशको आधारमा कार्यपालिकाले निर्णय गरि आर्थिक सहायता वितरण गरेको हो । उक्त रकम भैपरी आउने सहायता शिर्षकवाट वितरण गरेको नभइ आर्थिक सहायता वापत वितरण गरीएको हो । स्वीकृत बजेट विनियोजन बमोजिमनै आर्थिक सहायता वितरण गरिएकोले उक्त वेरुजु नियमित गरीदिनका लागि नगरसभामा अनुरोध गर्ने । |
| ३ | ६२ | स्वास्थ्य तर्फका कर्मचारीहरुको नगरपालिका सशर्त तर्फवाट तलव भत्ता | ४०२६०१४.०० | नगरपालिका स्वास्थ्य तर्फका कार्मचारीको तलव भत्ता सशर्त चालु बाट गर्नुपर्नेमा नगरपालिका चालुवाट गरिएको भनी कायम भएको भनी उल्लेख भएकोमा तत्काल सशर्त अनुदानको रकम निकासा नभएको र कर्मचारीलाइ मासिक रुपमा तलव भत्ता भुक्तानी नगर्दा समस्या आएकोले नगरपालिका चालुवाट भुक्तानी भएको र यसवाट सशर्तको बजेट बचत हुन गएको र उक्त |

| | | | | |
|---|---|---|---|---|
| | | भुक्तानी गर्नुपर्नेमा चालुवाट भुक्तानी गरेको | | बचत रकम कोष तथा लेखा नियन्त्रक मार्फत संचीत सञ्चित कोष फिर्ता समेत भइ सकेको छ।यसवाट सरकारी हानी नोक्सानी नभएको र प्रकृया मात्र नमिलेकोले उक्त बेरुजु नियमित गरीदिनका लागि नगरसभामा अनुरोध गर्ने। |
| ४ | ६६ | नगरपालिकाका नासु पूर्ण प्रसाद बोगीलाइ स्थानीय स्वायत्त शासन नियमावली २०५६ विपरित अध्ययन विदा अवधिको पाठ्यपुस्तका कलेजमा लाग्ने शुल्क होस्टेल खर्च र लाग्ने आतेजाते खर्च २ पटकको रकम भुक्तानी अनियमित ३ | ३०००००.०० | नगरपालिकालाइ आवश्यक पर्ने कानुनको विषयमा अध्ययन गर्न निजलाई कानुनमा स्नातकोत्तर गर्न निजको अध्ययन विदा स्वीकृत गरी निजलाइ तलवी विदाको अतिरिक्त स्कुल अफ ला को कलेजको फि र अध्ययन अवधिमा २ पटक काठमाण्डौ धनगढी आतेजाते खर्च समेत भुक्तानी गर्ने कार्यपालिकाको निर्णय बमोजिम रु ३०००००० भुक्तानी भएको हो। निजले अध्ययन विदा समाप्त गरी नगरपालिकामा हालसम्म पनि न्यायिक समितिमा रही कार्य गरी रहनु भएको छ। उक्त अतिरिक्त खर्चको समेत बिल भर्पाइ पेश गरी सक्नु भएको र नगरपालिकाको निर्णय बमोजिम नगरपालिकालाई आवश्यक पर्ने विषयमा अध्ययन विदा स्वीकृत गरी थप सुविधा समेत भुक्तानी भएको हो। यसवाट सरकारी हानी नोक्सानी भएको छैन। तसर्थ उक्त बेरुजु नगरसभाबाट नियमित गरिदिन अनुरोध गर्ने। |
| ५ | ६९ | झोलुङ्गेपुलको प्राविधिक तथा सामाजिक सेवा प्रदान गर्न ३ वटा प्रस्ताव माग गरी खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको | ९४१६६६.०० | परामर्श सेवा खरिद गर्दा सुचिकृत कम्तिमा ३ वटा फर्मवाट प्रस्ताब माग गरि खरिद गर्नुपर्नेमा झोलुङ्गे पुलको प्रविधिक तथा सामाजिक सेवा प्रदान गर्ने संस्था सिमित मात्रमा सुचिकृत भएका कारण सूचिकृत भएका मध्यवाट छनौट गरिएको हो। सूचिकृत हुन आउन सूचना जारी गरेपनि अन्य संस्था सम्पर्कमा नआएको कारण एउटै मात्र फर्मवाट प्राविधिक र आर्थिक प्रस्ताव खोली लागत अनुमान भित्रको फर्म छनौट गरि कार्य गराएको हो। यसवाट सरकारी हानी नोक्सानी भएको नदेखिएको उक्त बेरुजु नियमित गरीदिनका लागि नगरसभामा अनुरोध गर्ने। |
| ६ | ८१ | कोभिडको औषधीजन्य सामग्री प्रतिस्पर्धा वेगर खरिद गरेको | १०६३५३८.०० | कोभिड नियन्त्रणको लागि औषधीजन्य सामाग्री अन्य खरिद विधि अपनाउन नसकिने कारण उल्लेख गरी सोझै खरिद गर्नुपरेको भनि पालिकाले २०७६।१२।१६ मा निर्णय गरेको छ। कोभिड तत्काल नियन्त्रणमा नआएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | कारण र कुन औषधी कति परिमाणमा आवस्यक पर्छ भनी यकिन नभएको कारण निर्णय भएको ३ महिना पछि पनि सोझै खरिद गरिएको हो । यसरी खरिद गर्दा समेत सम्भव भए सम्म ३वटा फर्मको कोटेसन लिइ घटीवालासंग खरिद गरिएको हो ।तत्कालको संकटग्रस्त अवस्थाको कारण खरिदको अन्य विधि अवलम्वन गर्न नसकिएकोले सोझै खरिद गर्नुपरेको हो । यसवाट सरकारी हानीनोक्सानी नभएकोले उक्त वेरुजु नियमित गरीदिनका लागि नगरसभामा अनुरोध गर्ने । |

**जम्मा नियमित गरिने बेरुजु रकम रु ९९,२९,८१८।–**

२०. **लेखा समिति बैठक संख्या- ३१ औ** मिति:- २०८३/०२/२८ **आ.व. २०७७/०७८** को बेरुजु दफा नं- १२ को पेश्की बेरुजु

**निर्णय नं १:** भजनी नगरपालिका कार्यालयको लागि **आ.व. २०७७/०७८** को महालेखा लेखापरीक्षण प्रतिवेदनको दफा १२ को पेश्की बाँकीको क्र.सं . ७ को भजनी नगरपालिकाको शैक्षक योजना निर्माण शिर्षकको शिक्षा अधिकृत श्री देवराज अवस्थीको नाममा रकम रु ३,५०,०००।- पेश्की बेरुजुको मिति २०७९/०३/१९ मा गो.भौ. ३३ बाट पेश्की फर्छौट सहित अन्य प्रमाण कागजात रहेकोले उक्त पेश्की बेरुजु फर्छयौट गरिदिनका लागि भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२१. **लेखा समिति बैठक संख्या- ३२ औ** मिति:- २०८३/०३/०१ **आ.व. २०७७/०७८** को बेरुजु दफा नं- २४.३, **महुन्याल नमूना मा.वि. भजनी**लाई दिएको अनुदानको **आ.व. २०७५/०७६** को बेरुजु दफा ७३, **आ.व. २०७६/०७७** को बेरुजु दफा ८४ र **आ.व. २०७८/०७९** को बेरुजु दफा २१.१

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७७/०७८** म.ले.प. प्रतिवेदनको दफा २४.३ को *भजनी बजार पेट्रोलपम्म देखि दक्षिणतल्ला होटल हुदै प्रहरी कार्यालय जोड्ने सडक नि.उ.स.* ले बर्दगोरिया गाँउपालिकाबाट २४० घ.मी. ग्राभेल ल्याए वापतको रु १८०००।– को रोयल्टी बुझाएको प्रमाण पेश गर्ने

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

अन्यथा उक्त रकम असुल गराउने भनि बेरुजु औल्याइएको छ । उक्त बेरुजु दफामा माग गरिए बमोजिम रु २२, ६००।– रोयल्टी बापतको रकम बर्दगोरिया गाउँपालिका कार्यालयलाई मिति २०७८/०३/१२ गतेको रसिद नं ६१९६ बाट बुझाएको रोयल्टी रसिद फायलमा नै संलग्न भेटिएको तथा सो व्यहोरा उपभोक्ता समितिको सार्वजनिक सुनुवाई निर्णयमा समेत अभिलेखाङ्कन भएको प्रमाण कागजात पेश गर्दै यस दफाको बेरुजु फर्छौटका लागि भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २:** यस भजनी नगरपालिका कार्यालयबाट महुन्याल नमूना मा.वि.लाई नमूना विद्यालयको भौतिक पुर्वाधार निर्माण/विद्यालय भवन निर्माणका लागि उपलब्ध गरिएको अनुदानको **आ.व. २०७५/०७६** म.ले.प. प्रतिवेदनको **दफा ७३** बमोजिम रकम रु १,००,४९,९९८।– को पेश्की बेरुजु, **आ.व. २०७६/०७७ को दफा ८४** को रकम रु १,८७,६०,०००।– प्रमाणपेश बेरुजु, **आ.व. २०७८/०७९ को दफा २१.१** बमोजिम रकम रु ७०,००,०००।– अनियमित बेरुजु र अन्य रु १२ लाख रकम सहित जम्मा रकम रु ३,७०,००,०००।– को प्रमाणपेश/अनियमित/पेश्की बेरुजुका सम्बन्धित प्रमाण र पुष्ट्याई कागजातहरु यस समितिको तेह्रौ बैठकको निर्णय बमोजिम विद्यालयलाई माग गरिएको थियो ।

सो अनुसार विद्यालयले मिति २०८३/०२/२२ गते माग गरिए बमोजिम प्राविधिक बिल, भौचर, सम्झौतापत्र, कार्यसम्पन्न पत्र, नापी किताब, प्राविधिक लागत अनुमान कागजात, फोटो आदि कागजातहरु उपलब्ध गराएकोमा उक्त कागजात र प्रमाणहरु बमोजिम विद्यालयले नमूना विद्यालय बिकास गुरुयोजना अनुसार जम्मा रकम रु २,३९,००,०००।– को ठेक्का गरि रकम रु १,९५,६७,७७४।– सम्बन्धित ठेकेदारलाई भुक्तानी गरिएको भौचरहरु पेश गरिएको छ । सो पश्चात बाँकी **बचेको रकम रु १,७४,३२,२२५।– विद्यालयको खातामा मौज्दात रहेको** व्यहोरा जानकारी गरिएको छ ।

तसर्थ विद्यालयले पेश गरेको रकम रु १,९५,६७,७७४।– बराबर हुन आउने आ.व. २०७५/०७६ को म.ले.प. प्रतिवेदनको **दफा ७३** को रकम रु १,००,४९,९९८।– को पेश्की बेरुजु तथा आ.व. २०७८/०७९ को **दफा २१.१** को रकम रु ७०,००,०००।– **अनियमित बेरुजु** फर्छौट गरिदिनहुनका लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२२. **लेखा समिति बैठक संख्या- ३३ औ** मिति:- २०८३/०२/२८ **आ.व. २०७५/०७६** को अनियमित बेरुजु दफा नं. २८, २९, ४२, ४८, ५६, ५७ र ६७

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७५/०७६** को म.ले.प. प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा **रकम रु ५७,८९,०४६।–** यस समितिमा छलफल गरि सो बेरुजु **नियमित गरिदिनहुनका** लागि आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

CamScanner

**तपसिल-**

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | २८ | सुदुरपश्चिम प्रदेश ऐनले तोकेको सुविधा वाहेको अनुगमन भत्ता वापत बुझेको रकम अनियमित देखिएको | ११०६०००.०० | गरपालिकाले नगर भित्र सञ्चालन हुने योजनाको र विभिन्न विषयगत शाखासंग सम्वन्धित कार्य अनुगमन वेगर भुक्तानी नहुने व्यबस्था छ । यसरी अनुगमनमा जाँदा नगरपलिकामा पर्याप्त मात्रमा सवारी साधन नभएकोले कर्मचारी तथा पाधिकारीलाइ अनुगमनमा पठाउदा अनुगमन भत्ता भुक्तानी गर्ने गरिएको हो । अनुगमन भत्ताको सट्टा दैनिक भ्रमण भत्ता भुक्तानी हुनुपर्ने भनिएकोमा एक पटक जाँदा विभिन्न कार्यक्रमको अनुगमन गर्नु पर्ने सोही दिन फर्कन नगरपलिका भित्र सवै वडामा सार्वजनिक सवारी साधन नचल्ने हुदा दैनिक भ्रमण भत्ता २।३ दिनको दिनुपर्ने अवस्थाले गर्दा तत्कालको लागि मितव्ययी समेत हुने हिसावले अनुगमन भत्ता भुक्तानी गरिएको हो । यसवाट नगरपालिका भित्रको निर्माण कार्य लगायतका कार्यमा गुणस्तरिय कार्य भएको आस्वस्त भइ नगरकार्यपालिकाको निर्णय अनुसार अनुगमन भत्ता भुक्तानी गरिएको छ । यसवाट सरकारी हानी नोक्सानी नभइ मितव्ययी तरिकावाट खर्च भएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा पेश गर्ने । |
| २ | २९ | वडाको सिफारिसको आधारमा नगरकार्यपालिकाको नितीगत निर्णयबिना नै वितरण भएको नगद आर्थिक सहायता वितरण गरेको | ४०४०००.०० | विपन्न गरिब तथा आकस्मिक आपतमा परेका पालिकाका अतिनिम्न आए भएका जनेतालाई सहायत वितरण भएकोले तथा तत्कालिन नगरसभाले अनुमोदन गरिसकेकोलेउक्त बेरुजु कायम हुन पर्ने देखिएन । यसवाट कुनै सरकारी हानी नोक्सानी समेत भएको नदेखिएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस गर्ने । |

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | ४२ | नगरक्षेत्रभित्र बाढीका कारण क्षति पुगेका विभिन्न ग्रामिण ग्राभेल सडक मर्मतका लागि प्राविधिक बिल, स्वीकृत मर्मत योजना, नापीकिताव र स्पष्ट मापदण्ड बिना नै गरेको मर्मत खर्च रकम नियमित नदेखिएको | ११०००००.०० | पालिकामा बाढीका कारण वर्षेनी ग्रामिण सडकमा क्षति पुग्ने तथा त्यस्ता सडकहरु तत्काल मर्मत गरिरहनुपर्ने भएकोले उक्त मर्मत कार्य गरी भुक्तानी गरिएको हो ।<br>उक्त कार्य गराउदा भएको कार्यको प्राविधिक मूल्याङ्कन तथा नापी किताव र खर्चको विल भर्पाइको आधारमा भुक्तानी भएको हो । अनुमानित आधारमा भुक्तानी भएको होइन ।<br>यसवाट कुनै सरकारी हानी नोक्सानी नभइ समयमै सडक मर्मत भइ सडक सञ्चालनमा समेत आएको र सो खर्च तत्कालिन नगरसभाले समेत अनुमोदन गरी सकेकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |
| ४ | ४८ | प्राथमिक स्वास्थ्य केन्द्र भजनीका २ जना डाक्टरलाई नाइट ड्यूट खर्च लेख्ने आधार नभएको | ७७०२१६.०० | स्वास्थ्य केन्द्रमा विरमी जुनसुकै समयमा आउने हुनाले स्वास्थ्य तर्फका कर्मचारीलाइ आलोपालो गरी २४ सै घन्टा डिउटी खटाइएको हुन्छ । यसरी डिउटी खटाएका स्वास्थ्यकर्मीहरुलाइ रात्री समयमा काम गरेबापत अतिरिक्त समयको नाइट ड्युटी भत्ता भुक्तानी गरिएको हो ।<br>यस्तो भत्ता विरामी आए बापत मात्र भुक्तानी गर्ने होइन । तसर्थ निजहरुलाइ रात्रीकालिन समयमा खटाएको आधारमा निजको हाजिरी परीक्षण गरी भुक्तानी भएको हो । तसर्थ उक्त बेरुजु कायम हुनुपर्ने देखिदैन ।<br>यसवाट कुनै सरकारी हानी नोक्सानी नभइ जनताले समयमै स्वास्थ्य सेवा पाउन सकेको देखिएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |

भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२

| | | | | |
|---|---|---|---|---|
| ५ | ५६ | स्पष्ट कार्यालय प्रयोजन र स्वीकृत लागत अनुमान बेगर नै विभिन्न बिलबाट विविध खाजा खर्च भुक्तानी वापतको रकम अनियमित | ४९४०३०.०० | यस प्रकारको खर्च एकै पटक गरेको नभइ नगर सभाको स्वीकृत बजेट बमोजिम बर्ष भरीमा गरिएकव विविध खर्च हो । विविध खर्चको प्रत्येक भुक्तानीमा के बापतको विविध खर्च लेखिएको हो सो खुलाइ खर्च लेखिएको हुन्छ । स्वीकृत बजेटको परिधि भित्र रही नगर सभा, कार्यपालिका बैठक,विभिन्न अतिथि सत्कार आदी विषयमा खर्च गरिएकोले उक्त रकम बेरुजु कायम हुनुपर्ने देखिएन । यसवाट कुनै सरकारी हानी नोक्सानी समेत भएको नदेखिएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |
| ६ | ५७ | स्वीकृत बजेट भित्र नतोकिकन इलाका प्रहरी कार्यलय भजनीलाइ अनुदान अनियमित | ११४८००.०० | नगर कार्पालिकाको निर्णयअनुसार स्वीकृत बजेटको परिधिभित्रै रहेर इलाका प्रहरी कार्यालयको भवन मर्मत कार्यको लागि रकम भुक्तानी भएको हो । यसवाट कुनै सरकारी हानी नोक्सानी भएको छैन । तसर्थ उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |
| ७ | ६७ | भजनी सुख्खड खण्ड पिचरोडको ट्रन्सफर्मर देखि आसारमको घर हुदै झो.पु.सम्म माटो पटानी कार्यको लागि उपभोक्ता समितिलाई रु ५०७५४६७।– मध्ये रु १७०००००।– स्पष्ट प्रमाण कागजात वेगर भुक्तानी भएकोले अनियमित | १७०००००.०० | उपभोक्ता समितिलाइ निर्माण कार्य गराउदा स्वीकृत लागत अनुमानको आधारमा प्राविधिक मूल्याङ्कन नापी किताव र विल भर्पाइ सहित कार्य सम्पन्न प्रतिवेदन र अनुगमन समितिको प्रतिवेदन सहितको आधारमा भुक्तानी गर्ने गरिएको छ । यो उपभोक्ता समितलाइ समेत सोही आधारमा आम उपभोक्ता भेलामा खर्च सार्वजनिक गरेको प्रमाणको आधारमा रकम भुक्तानी गरेको र प्राविधिकले कार्य सम्पन गरेको प्रविधिक प्रतिवेदन समेत पेश गरी खर्च भुक्तानी भएको देखिएकोले सो बेरुजु कायम हुनुपर्ने देखिएन । तसर्थ उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |
| | | जम्मा | ५७८९०४६.०० | |

**जम्मा नियमित गरिनुपर्ने बेरुजु रकम रु ५७,८९,०४६।-**

**३. लेखा समिति बैठक संख्या- ३४ औ**  मिति:- २०८३/०३/०३  **आ.व. २०७५/०७६ को बेरुजु दफा नं ७५, ८३, ८४, ८५, ८८, ८९ र ९०**

CamScanner

**निर्णय नं १:** यस कार्यालयको **आ.व. २०७५/०७६** को म.ले.प. प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको **अनियमित बेरुजुमा रकम रु १७,१७,०९९।–** यस समितिमा छलफल गरि सो बेरुजु **नियमित गरिदिनहुनका** लागि आगामी भजनी नगरसभा पेश गर्ने निर्णय गरियो ।

**तपसिल-**

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ७५ | सामाजिक विकास मन्त्रालयले भजनी प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदान गरेको अनुदान रकमको बिलभरपाई, कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले अनियमित | ५०००००.०० | उक्त खर्चको विल भर्पाइ र कार्य सम्पन्न प्रतिवेदनको आधारमा खर्च लेखिएको र उक्त खर्च तत्कालिन नगर सभाले अनुमोदन समेत गरी सकेकोले उक्त बेरुजु कायम हुनुपर्ने देखिएन। तसर्थ उक्त बेरुजु नियिमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने। |
| २ | ८३ | चन्द्रदिप सप्लायर्सलाइ दरभाउ पत्र र कार्य सम्पादन पत्र बेगरनै डस्टविन खरिदको रकम भुक्तानी | ३४२०००.०० | सामन खरिद गर्दा स्वीकृत दरभाउपत्र माग गरी न्युनतम कवोल गर्ने चन्द्रदिप सप्लायर्ससंग डस्टविन खरिद गरिएको र खरिद पश्चात सामानको परीक्षण गरी सामन स्टोर दाखिला गरी भुक्तानी गरेको देखिएकोले उक्त बेरुजु कायम हुनुपर्ने देखिदैन । तसर्थ उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष अनुरोध गर्ने। |
| ३ | ८४ | अफिस फर्निसिङ्ग होम सप्लायर्स टिकापुरलाइ दरभाउपत्र र कार्यसम्पन्न प्रतिवेदन बेगर फर्निचर खरिदको भुक्तानी | ४५०४९९.०० | सामन खरिद गर्दा स्वीकृत दरभाउपत्र माग गरी न्युनतम कवोल गर्ने अफिस फर्निसिङ्ग होम सप्लायर्ससंग फर्निचर खरिद गरिएको र खरिद पश्चात सामानको परीक्षण गरी सामन स्टोर दाखिला गरी भुक्तानी गरेको देखिएकोले उक्त बेरुजु कायम हुनुपर्ने देखिदैन। तसर्थ उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष अनुरोध गर्ने। |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | ८५ | सद्भावना कृषक समूहले बिउ खरिद वापत एस.बि. ट्रेडिङ्ग सप्लायर्सलाई भुक्तानी दिएको रकमको बिउ वितरण भरपाइ पेश नभएकोले खर्च अनियमित | ११४६००.०० | कृषक समुहलाइ विउ वितरणको भर्पाइ संलग्न भइ आएकोले उक्त बेरुजु कायम हुनुपर्ने देखिएन । तसर्थ उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष अनुरोध गर्ने । |
| ५ | ८८ | प्रदेश सरकारको वित्तीय समानीकरणको रकमबाट अनुगमन तथा कार्यसम्पन्न प्रतिवेदन बेगर प्रेमलोक स्किल एण्ड कम्पनी प्रालिलाई वृक्षारोपणको लागि दिएको भुक्तानी | २०००००.०० | बृक्षारोपण कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाइ संलग्न गरी खर्च लेखेकोदेखिएकोले उक्त बेरुजु कायम हुनुपर्ने देखिदैन । तसर्थ उक्त बेरुजुं नियमित गर्न नगरसभा समक्ष अनुरोध गर्ने । |
| ६ | ८९ | कनरा नदिमा पक्कीपुल निर्माणको लागि भनेर पटकपटक काठमाडौं गएको विस्तृत भ्रमण प्रतिवेदन बिना दिएको गाडी भाडाको रकम अनियमित | ६००००.०० | वडा सदस्य ताल बहादुर चौधरीलाइ कार्यालयको स्वीकृत भ्रमण आदेश अनुसार काठमाण्डौ पठाएको र जुन उद्देश्यको लागि पठाएको हो सो कार्य गरी फर्केपछिं भ्रमण प्रतिवेदन सम्म नदिएको हो । निजले तोकेको कार्य सम्पन्न गरेको आधारमा निजको निवदेन तथा विल भर्पाइको आधारमा भुक्तानी भएको देखिएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस गर्ने । |
| ७ | ९० | बहादुरपुरका भगतहरुको लागि बाजा खरिद गरेवापत जिन्सी दाखिला प्रतिवेदन र हस्तान्तरण फाराम बिना नै दिएको भुक्तानी अनियमित | ५००००.०० | बहादुरपुरका भगतहरुको लागि खरिद गरिएको बाजा निजहरुलाइनै हस्तान्तरण भएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस गर्ने । |
| | | जम्मा | १७१७०९९.०० | |

**जम्मा नियमित गरिनुपर्ने बेरुजु रकम रु १७,१७,०९९।–**

...नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

CamScanner

२४. **लेखा समिति बैठक संख्या- ३५ औ** मिति:- २०८३/०२/२८ **आ.व. २०७४/०७५** को बेरुजु दफा नं- २०, २४, २७, २८, २९, ३१, ३२, ३३, ४०.२, ४०.३ र ४०.५

**निर्णय नं १:** प्रस्ताव नं १ माथि छलफल गर्दा यस भजनी नगरपालिका नगरकार्यपालिकाको कार्यालयको **आ.व. २०७४/०७५** को म.ले.प. प्रतिवेदनमा देहाय बमोजिम दफामा औल्याइएको अनियमित बेरुजुमा **रकम** रु १,६६,२१,१४६।– यस समितिमा छलफल गरि सो बेरुजु **नियमित गरिदिनहुनका** लागि आगामी भजनी नगरसभा पेश गर्ने निर्णय गरियो ।

**तपसिल-**

| सि. न. | बेरुजु दफा | छोटकरी व्यहोरा | रकम | बेरुजु नियमित हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ३२ | नगरसभाको निर्णय अनुसार स्वीकृत वार्षिक बजेट चालु खर्चका लागि रु १,१५,००,०००।– मात्र विनियोजत गरेकोमा रु १,३३,१३,८१७।८० खर्च गरेकोमा बढी खर्च भएको रकम रु १८,१३,८१७।८० अनियमित देखिएको | १८१३८१७.०० | नगरपालिकाले नगरपालिका चालु बजेटमा स्वीकृत बजेट भन्दा बढी खर्च भएको सम्वन्धमा तत्कालको परिस्थिति जन्यकारणको आधारमा नगरी नहुने चालु खर्च गरेको देखिन्छ र पछि उक्त खर्च नगर सभाले अनुमोदन गरेको देखिएकोले उक्त बेरुजु कायम रहनुपर्ने नदेखिएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफरिस गर्ने । |
| २ | ३३ | कार्यालयले नगर प्रमुख तथा नगर उपप्रमुखको निजी स्वकीय सचिव श्री आशाराम चौधरी र श्री सुरेन्द्र प्रशाद जैशीलाई विभिन्न गोश्वारा भौचरबाट दिएको भुक्तानी अनियमित देखिएको | २८८०००.०० | नगर प्रमुख तथा उप प्रमुखको स्वकीय सचिवलाइ गरिएको भुक्तानी सम्वन्धमा तत्कालिन नगर सभाको स्विकृत बजेट बमोजिम यस प्रकारको भुक्तानी भएको हो । हाल यस प्रकारको खर्च लेख्ने परिपाटी बन्द भइ सकेकोले एक पटकको लागि आगामी दिनमा यस्तो खर्च नदोहोराउने प्रतिवद्दता सहित एक पटकको लागि खर्च नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

| | | | | |
|---|---|---|---|---|
| ३ | ४०.२ | विपद व्यवस्थापन तथा योजना छनौट कार्यक्रममा खटिएका ५० जना कर्मचारीलाई रु १०००।– को दरमा खाजा खर्च भुक्तानीको निर्णय कागजात संलग्न नभएकोले अनियमित | ५००००.०० | विपद व्यवस्थापनमा कार्यरत कर्मचारी कार्यालय समयको अतिरिक्त समयममा समेत खटिने भएकोले कार्यालयको निर्णयानुसार निजहरुलाइ प्रतिदिन रु १००० का दरले खाजा खर्च भुक्तानी गरिएको हो ।उक्त भुक्तानी रकम मानविय तथा मितव्ययीताको हिसावले समेत उपयुक्तmनै देखिन्छ । कार्यालयको निर्णयानुसार भुक्तानी भएको र उक्त खर्च नगरसभामाबाट समेत अनुमोदन भइ सकेकोले उक्त बेरुजु कायम हुनुपर्ने देखिएन । तसर्थ उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |
| ४ | ४०.३ | सर्वदलीय संयन्त्रको बैठक भत्ता भुक्तानी गर्ने निर्णय नभइ भुक्तानी भएको | २०४०००.०० | स्वीकृत बजेटको परिधिभित्र रही यस प्रकारको बैठक भत्ता भुक्तानी गरिएको र हाल यस प्रकारको दलिय संयन्त्रको बैठक भत्ता भुक्तानी गर्ने नगरिएकोले एक पटकको लागि उक्त खर्च नियमित गर्न र आगामी दिनमा यस्तो प्रकृया नदोहर्याउने प्रतिवद्दता सहित उक्त रकम नियमित गर्न नगरसभा समक्ष सिफारिस गर्ने । |
| ५ | ४०.५ | राष्ट्रिय मा.वि. भजनीलाई विज्ञान प्रयोगशाला र पुस्तकालय सामाग्री सामाग्री खरिद वापत आपुर्तिकर्ता श्री अलाइट साइन्टिफिक ट्रेड्स एण्ड सप्लायर्सलाई भुक्तानी भएको रकम बुझेको भर्पाई नभएकोले अनियमित देखिएको | ७९०७२.०० | विज्ञान प्रयोगशालाको सामान खरिद बापतको रकम आपूर्तकले बुझेको भर्पाइ लेखापरीक्षणमा पेश हुन नसकेपनि बैङ्क स्टेटमेन्टको आधारमा उक्त रकम आपूर्तकको खातामा भुक्तानी भएको देखिएकोले उक्त बेरुजु नियिमत गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |
| ६ | २८ | भुक्तानी बाँकीको कच्चावारी म.ले.प फाराम नं १८ नराखी भुक्तानी दिएको | २३५०७८.०० | तत्कालिन समयमा भुक्तानी दिन बाँकीको प्रमाण राख्न छुट भएतापनि गत बर्षको अनिवार्य दायित्व भुक्तानी दिन बाँकीको लागि बजेट विनियोजन भइ सोही शिर्षकवाट भुक्तानी भएको र दोहोरो भुक्तानी भएको समेत नदेखिएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |



लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२

| | | | | |
|---|---|---|---|---|
| ७ | २९ | वडा कार्यालयले खरिद गरेको टेलिभिजन मेसिनरी तथा औजार शिर्षक-३११२२ बाट खर्च उठ्नुपर्नेमा मसलन्द तथा कार्यालय सामाग्री-२२३११ बाट खर्च उठाएकोले अनियमित | २२५००.०० | यस सम्वन्धमा खर्च लेख्दा खर्चको शिर्षक मात्र फरक परेको तर यसवाट कुनै सरकारी हानी नोक्सानी नभएकोले उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने |
| ८ | ३१ | नगरसभा तयारीमा अतिरिक्त कामकाजमा खटिएवापत १७ जना कर्मचारीलाई मासिक तलबको ३० प्रतिशत र २९ जना कर्मचारीलाई एक महिनाको तलब प्रोत्साहन वापत भुक्तानी गरिएको | १८२२२५६.०० | नगर सभाको समयमा कार्यालयका कर्मचारीले नियमित समयको अलावा विहान बेलुका र विदाको दिनमा समेत कार्य गर्नुपर्ने भएकोले नगर सभाको निर्णय र स्वीकृत बजेट अनुसार कर्मचारीलाइ बढीमा एक महिनाको तलव भत्ता बराबरको रकम प्रोत्साहन भुक्तानी भएको यसवाट नगर सभाको समयमा कर्मचारीले उत्प्रेरित भइ कार्य गरेकोले यसवाट नगरपालिकालाइ नोक्सानी भएको पाइएन ।<br>नगरपालिकाको निर्णयले आन्तरिक आयको रकमवाट भुक्तानी भएको उक्त खर्च रकम नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |
| ९ | २० | निर्माण सामाग्रीको प्रयोग भएको देखिने मुल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने | ७९४६२४८.०० | नगरपालिकाले नगर भित्रका विभिन्न स्थानको माग बमोजिम ह्युमपाइप र कंक्रिट पोल खरिद गरी कार्यालयको जिन्सी दाखिला गरी भुक्तानी गरेको देखिन्छ । उक्त निर्माण समाग्री मागको आधारमा सम्वन्धित स्थानमा जडान गरिएको हो ।<br>प्राविधिकवाट उक्त जडानको मूल्याङ्कन प्रतिवेदन जडान नभएपनि उक्त निर्माण समाग्री जडान भएको भनि सम्वन्धित वडा कार्यालयवाट पत्रहरु समेत प्राप्त भएको देखिन्छ । यसवाट निर्माण सामाग्रिको दुरुपयोग भएको देखिएन । तसर्थ उक्त बेरुजु नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने । |



भजनी नगरपालिका
लेखा समिति
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०८२

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | २४ | पदाधिकारी र कर्मचारीलाइ कानूनी व्यवस्था नभएको बैठक भत्ता वितरण | ३९८६२५७.०० | तत्कालिन समयमा पदाधिकारी र कर्मचारीलाइ बैठक भत्ता भुक्तानी कानुन बनी नसकेको अवस्थामा कार्यापालिकाको निर्णय बमोजिम अति आवस्यक बैठकमा मात्र बैठक भत्ता भुक्तानी भएको हो। तत्काल कानुन नभएको कारण नगरपालिकाको निर्णयवाट भुक्तानी भएता पनि हाल सुदुर पश्चिम प्रदेश सरकारले कानुन निर्माण गरे पश्चात सोही आधारमा मात्र भुक्तानी गरीएकोले उक्त बेरुजु एक पटकको लागि नियमित गर्त नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने। |
| ११ | २७ | नगरसभाको निर्णयभन्दा बढी कर्मचारी कल्याणकोषमा रकम जम्मा | १७३९१८.०० | स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार स्थानीय निकायका कर्मचारी अनिवार्य अवकास हुदा तिर्नुपर्ने दायित्वको लागि उक्त रकम नगरसभाले तोके भन्दा बढी कल्याण कोषमा जम्मा गरिएको हो। पछि उक्त खर्च नगरसभामाबाट अनुमोदन समेत भइ सकेको र उक्त रकम दुरुपयोग समेत भएको नदेखिएकोले उक्त रकम नियमित गर्न नगरसभा समक्ष सिफारिस साथ अनुरोध गर्ने। |
| | | जम्मा | १६६२११४६.०० | |

**जम्मा नियमित गरिनुपर्ने बेरुजु रकम रु १,६६,२१,१४६।–**

२५. **लेखा समिति बैठक संख्या- ३६ औ** मिति:- २०८३/०२/२८ निर्णय नं ३ मा **आ.व. २०७६/०७७** को बेरुजु दफा नं ६६
निर्णय नं ४ मा **आ.व. २०७५/०७** को बेरुजु दफा नं ६४

**निर्णय नं १:** यस कार्यालयको देहायको तालिका बमोजिम विभिन्न आ.व.को म.ले.प. प्रतिवेदनमा ठहरिएको प्रमाणपेश बेरुजु रकम फछौंटका मलेप प्रतिवेदनको दफाले माग गरिए बमोजिम प्रमाण पेश गर्नेपर्ने भएकोले भजनी नगरपालिका कार्यालयलाई सो सम्बन्धी **आवश्यक प्रमाण कागजात जुटाउनमा आगामी आ.व. को उपर्युक्त समयावधीलाई अभियानकै** रुपमा कार्यान्वयन गर्नका लागि भजनी नगरसभाले निर्णय गरीदिनहुन अनुरोध गरिएको निर्णय गरियो।

**तपसिल**

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२

| क्र.सं. | आ.व. | बेरुजु प्रकार | रकम रु |
|---|---|---|---|
| १ | आ.व. २०८०।८१ | प्रमाण पेश बेरुजु | १,३०,४४,०५०।- |
| २ | आ.व. २०८०।८१ | कृषि सिचाईका लागि ग्रामिण विधूतिकरणको प्रमाण पेश बेरुजु | २,१०,००,०००।- |
| ३ | आ.व. २०७९।८० | प्रमाण पेश बेरुजु | ९०,३१,०३६।- |
| ४ | आ.व. २०७८।७९ | प्रमाण पेश बेरुजु | ४,६१,७८,३११।- |
| ५ | आ.व. २०७७।७८ | प्रमाण पेश बेरुजु | २,७६,५८,०००।- |
| ६ | आ.व. २०७६।७७ | प्रमाण पेश बेरुजु | १,२६,८२,०००।- |
| ७ | आ.व. २०७५।७६ | प्रमाण पेश बेरुजु | ९३,०९,०००।- |
| ८ | आ.व. २०७४।७५ | प्रमाण पेश बेरुजु | ८३,३४,०००।- |
| | जम्मा बेरुजु | | १४,७२,३६,३९७।- |

**निर्णय नं ३:** यस कार्यालयको **आ.व. २०७५/०७६** को **बेरुजु दफा ६४** को सहायक पाँचौ श्री पुर्ण प्रसाद जोशीलाई कार्यालयको छात्रवृतिमा कानून स्नातकोत्तरमा तलबी अध्ययन बिदामा पठाउदाको निर्णयलाई निजामती सेवा ऐन २०४९ आकर्षित हुने भएकोले मन्त्रालयको स्वीकृति वेगर पेश्की दिई पठाएको प्रकृया अनियमित बेरुजु भएको ठहरिएको थियो।

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम साबिक स्थानीय निकायको कर्मचारीलाई भजनी नगरपालिकाको नगरसभा तथा मिति २०७५ माघ १० गतेको नगरकार्यपालिकाको निर्णय १६ बमोजिम कार्यालयकै आन्तरिक स्रोतको बजेटबाट ब्यहोरिने गरि निजको अध्ययन बिदा स्वीकृतिका लागि मन्त्रालयको स्वीकृत आवश्यक नपर्ने व्यहोरा तेतिबेला मन्त्रालयसंग मौखिक रुपमा समेत बूझिएकोले उक्त रकम **रु ३,००,०००।– को अनियमित बेरुजु**लाई फर्छौट गरिदिनहुन आगामी भजनी नगरसभामा पेश गर्ने निर्णय गरियो।

धन्यवाद।

**भजनी नगरपालिका लेखा समिति**

मिति २०८३ असाढ ०८ गते

भजनी नगरपालिका लेखा समिति भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०८२